का.जि.प्र.का.द.नं. १००/०५९/६०
२८ चैत २०८१,
बिहीबार
10 April, 2025
Thursday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक ६७ । पृष्ठ ८ Madhyanha National Daily www.madhyanhadaily.com

## विवाह गर्ने उमेर विश्वमा थरीथरी

# नेपालमा १८ कि २० वर्ष ?

### कुन देशमा कस्तो व्यवस्था ?

| भारत | चीन | अमेरिका | इंग्ल्यान्ड | स्कटल्यान्ड | आयरल्यान्ड |
|---|---|---|---|---|---|
| केटा २१ वर्ष | केटा २२ वर्ष | केटा १८ वर्ष | केटा १८ वर्ष | केटा १६ वर्ष | केटा १६ वर्ष |
| केटी १८ वर्ष | केटी २० वर्ष | केटी १८ वर्ष | केटी १८ वर्ष | केटी १६ वर्ष | केटी १६ वर्ष |



७ वटै प्रदेशमा अध्ययन गर्छौं । विवाहको न्यूनतम उमेरबारे वैज्ञानिक तथा सामाजिक दृष्टिकोणबाट गहिरो अध्ययन गरेर सरकारलाई आवश्यक सुझाव दिन्छौं...

■ **तपबहादुर मगर**
अध्यक्ष
राष्ट्रिय मानवअधिकार आयोग

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २७ चैत ।

सरकार र राष्ट्रिय मानवअधिकार आयोगले विवाहको न्यूनतम उमेरबारे अध्ययन थालेको छ । संसदीय समितिले विवाहको उमेर घटाउन सुझाव नै दिएपछि त्यसबारे सरकारले ठोस धारणा बनाउन लागेको हो ।

गृहमन्त्री रमेश लेखकका अनुसार एकातिर सरकारले विवाह गर्ने न्यूनतम उमेर घटाउँदा पर्ने प्रभावको अध्ययन गरिरहेको छ । अर्कातिर विवाहको न्यूनतम उमेरबारे घटाउनेगरी प्रचलित ऐन, कानुन संशोधन गर्नेबारे छलफल अगाडि बढेको छ ।

हाल विवाह गर्ने न्यूनतम उमेर २० वर्ष छ । मुलुकी देवानी संहिता, २०७४ मा हाल महिला र पुरुष दुवैले २० वर्ष नपुगी गरेको विवाह स्वतः बदर हुने व्यवस्था छ । २० वर्ष उमेर नपुगी बालविवाह गर्ने तथा गराउने दुवै पक्षलाई ३ वर्षसम्म कैद र ३० हजारसम्म जरिमाना हुन्छ ।

यसलाई बदलेर विवाह गर्ने न्यूनतम उमेर १८ वर्ष बनाउन सरकारलाई संसदीय समितिले सुझाएको छ । प्रतिनिधिसभाअन्तर्गतको कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयले विवाह गर्ने न्यूनतम उमेर १८ वर्ष कायम गर्न सुझाएको छ ।

संसदीय समितिले विवाहको उमेर घटाउन सुझाव नै दिएपछि त्यसबारे सरकार र मानवअधिकार आयोगले आफैं अध्ययन गरेर ठोस धारणा बनाउन लागेको हो । मानवअधिकार आयोगका अध्यक्ष तपबहादुर मगर विवाहको कानुनी उमेरबारे व्यापक अध्ययन गरिने बताउँछन् । उनका अनुसार सातै प्रदेशमा अध्ययन गरेर सरकारलाई सुझाव दिइने छ ।

'हामी ७ वटै प्रदेशमा अध्ययन गर्छौं । विवाहको न्यूनतम उमेरबारे वैज्ञानिक तथा सामाजिक दृष्टिकोणबाट गहिरो अध्ययन गरेर सरकारलाई पृष्ठ २ मा

**उच्च रक्तचाप नियन्त्रण गर्ने उपायहरू**
- नून कम भएको स्वस्थ र पोषिलो आहार खाने,
- तौल कम गर्ने र शारीरिक रुपमा सक्रिय रहने,
- सुर्ती तथा मदिराजन्य पदार्थको सेवन नगर्ने,
- चिकित्सकको सल्लाह पालना गर्ने,
- चिकित्सकले सिफारिस गरेको औषधी नछुटाई खाने,
- आफूलाई पायक पर्ने स्वास्थ्य संस्थामा गई मधुमेह, रक्तचाप (ब्लडप्रेसर), मिर्गौला सम्बन्धी रोगको नियमित जाँच गर्ने गरौं।

**स्वस्थ र दीर्घ जीवन बाचौं।**

नेपाल सरकार
विज्ञापन बोर्ड

# राष्ट्रिय आयमा ७ गुणाले वृद्धि

## शासन सूचकांकमा सुधार

नेपाल जनसांख्यिक स्वास्थ्य सर्वेक्षण, २००६ अनुसार बहुआयामिक गरिबी ६४ दशमलव ७ प्रतिशत रहेकामा सन् २०१४ मा २८ दशमलव ६ प्रतिशत थियो । तर, सन् २०१९ मा बहुआयामिक गरिबीमा रहेको जनसंख्या १७ दशमलव ४ प्रतिशत पुगेको छ

**निमिष झा/मध्यान्ह**
काठमाडौं, २७ चैत ।

काठमाडौं राजाको सक्रिय शासनको तुलनामा लोकतान्त्रिक शासन प्रणालीमा राष्ट्रिय आयमा वृद्धि भएको पाइएको छ ।

एक तथ्यांकअनुसार आर्थिक वर्ष २०४६/२०४७ को तुलनामा आ. व. २०८०/२०८१ मा प्रतिव्यक्ति कुल राष्ट्रिय आय ७ गुणाले बढेको पाइएको हो ।

आर्थिक वर्ष २०४६/०४७, २०६३/०६४ र २०८०/०८१ को आर्थिक तथा सामाजिक क्षेत्रको तुलनात्मक अध्ययनका पृष्ठ २ मा

### जीवनस्तरमा सुधार

पहिलो जीवनस्तर सर्वेक्षण २०५२/०५३ मा ४१ द्यशमलव ७६ प्रतिशत जनसंख्या गरिबीको रेखामुनि रहेकामा चौथो जीवनस्तर सर्वेक्षण २०७९/०८० मा यस्तो जनसंख्या २० दशमलव २७ प्रतिशत छ ।

नेपाल जीवनस्तर सर्वेक्षण, २०५२/०५३ मा गिनी सूचकांक शून्य दशमलव पृष्ठ २ मा

### शिक्षा र स्वास्थ्यमा सुधार

२०४७ सालदेखि ३० वर्षमा समग्र साक्षरता प्रतिशत ३७ प्रतिशतले बढेको छ । २०४८ सालको जनगणनाअनुसार ३९ दशमलव ६ प्रतिशत रहेको साक्षरता दर २०७८ सालमा ७६ दशमलव २ प्रतिशत पुगेको छ ।

२०४७ सालमा १ हजार ९६ सरकारी स्वास्थ्य संस्थाहरू थिए भने पृष्ठ २ मा

### पूर्वाधारमा वृद्धि

२०४७ सालमा कुल ८ हजार ८५१ सडकमध्ये ३ हजार ८३ किलोमिटर कालोपत्रे सडक थियो तर २०६३ सालमा १७ हजार ७८२ किमीमध्ये ५ हजार ४८ किमी कालोपत्रे भएको थियो । २०८० फागुनसम्म ३४ हजार २७२ हजार किमी सडकमध्ये १८ हजार २४१ किमी कालोपत्रे भएको छ । पृष्ठ २ मा

### घट्दै कृषिको योगदान

कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान घट्दै गएको छ भने सेवा क्षेत्रको योगदान बढेको छ ।

आर्थिक वर्ष २०४६/०४७ मा कुल गार्हस्थ्य उत्पादनको आधा (५० दशमलव ६ प्रतिशत) कृषि क्षेत्रको योगदान थियो भने आ. व. २०६३/०६४ मा एक तिहाइ (३३ दशमलव ६ पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## दुवै प्यानलका अन्तिम चुनावी सभा सम्पन्न

# प्यानलसहित जित्ने दुवै पक्षको दाबी

**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ चैत ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको आगामी २९ चैतमा हुने निर्वाचनका लागि दुवै प्यानलले अन्तिम चुनावी सभामार्फत आ-आफ्नो पक्षमा मतदान गर्न अपिल गरेका छन् । २१ सदस्यीय कार्यसमितिमा अध्यक्षसहित ७ पदाधिकारी र १० सदस्य गरी १७ पदका लागि निर्वाचन हुने छ । त्यसमा २ प्यानल र स्वतन्त्र गरी ३६ जना उम्मेदवार सार्वजनिक भएका छन् ।

प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपाल, नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनको एक पक्ष र एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठनबीचको तालमेलमा संयुक्त व्यवसायी समूह बनेको छ ।

उक्त प्यानलको नेतृत्व संघका पूर्वमहासचिव तथा मञ्चका पूर्वअध्यक्ष एचआर इन्टरनेसनल सर्भिस प्रा. लि.का संचालक नरेश गेलालले गरेका छन् ।

त्यस्तै, नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसन र वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चसँगको तालमेलका आधारमा बनेको प्यानलको अध्यक्षमा संघका पूर्व द्वितीय उपाध्यक्ष तथा गुरुङ म्यानेजमेन्ट प्रा. लि.का संचालक भुवनसिंह गुरुङ छन् । बुधबार गेलाल प्यानलले बसुन्धरा पार्टी पृष्ठ २ मा







**नेपाली कांग्रेस पार्टीका तपशिलका केन्द्रीय सदस्य, महासमिति सदस्य तथा महाधिवेशन प्रतिनिधिद्वारा सम्प्रेषित विज्ञप्ति**

आगामी २०८१ चैत २९ गते हुन गइरहेको नेपाल वैदेशिक रोजगार व्यवसायी संघको ३१औं निर्वाचनसहितको साधारणसभाका लागि नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसन र नेपाल वैदेशिक रोजगार गणतान्त्रिक मञ्चको तर्फबाट भुवनसिंह गुरुङको समूहलाई विधि र पद्धतिबमोजिम एसोसिएसनको कार्यसमितिबाट सर्वसम्मत निर्णय भइ निर्वाचनको दौरानमा रहेको हामी सबैसामु सर्वविदितै छ । तसर्थ नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनको निर्णयलाई समर्थन जनाउँदै यस संस्थाभित्र मौजुदा तपशिलका नेपाली कांग्रेसका केन्द्रीय सदस्य, महासमिति सदस्य तथा महाधिवेशन प्रतिनिधिहरूद्वारा एसोसिएसनको आधिकारिक निर्णयद्वारा उम्मेदवार भएको भुवनसिंह गुरुङको समूहलाई यसै विज्ञप्तिमार्फत समर्थन जनाउँदै पार्टीको लोकतान्त्रिक विधि, पद्धति, मूल्य मान्यता एवं सिद्धान्तमा रहेर नेपाली कांग्रेसप्रति आस्था, विश्वास राख्ने सम्पूर्ण आदरणीय न्यायप्रेमी व्यवसायीज्यूहरूले वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चसहितको साझा उम्मेदवारहरू ७ पदाधिकारी र १० सदस्यसहित १७ जना उम्मेदवारलाई मतदान गरी अत्यधिक बहुमतका साथ विजयी गराउन हार्दिक अपिल गर्दछौं ।
जय नेपाल ।

| सि.नं | नाम | पद |
|---|---|---|
| १. | अब्दुल सतार | केन्द्रीय सदस्य |
| २. | तिलक रानाभाट | महासमिति सदस्य |
| ३. | किरण किशोर घिमिरे | महासमिति सदस्य |
| ४. | ऋषि शर्मा | महासमिति सदस्य |
| ५. | मचिन्द्र शेर्मा | महासमिति सदस्य |
| ६. | सञ्जय शेर्पा | महासमिति सदस्य |
| ७. | घनश्याम तामाङ | महासमिति सदस्य |
| ८. | राजेश गौतम | महासमिति सदस्य |
| ९. | शंकर गुरुङ | जिल्ला सभापति मनाङ, महासमिति सदस्य |
| १०. | नरेन्द्र प्रसाद ढकाल | महासमिति सदस्य |
| ११. | बलभद्र ढकाल | महासमिति सदस्य |
| १२. | यमबहादुर केसी | महासमिति सदस्य |
| १३. | अर्जुन थापा | महासमिति सदस्य |
| १४. | जबारुद्दिन मिया (मुन्ना) | महासमिति सदस्य |
| १५. | बलबहादुर तामाङ | महाधिवेशन प्रतिनिधि |
| १६. | युवराज गुरुङ | महाधिवेशन प्रतिनिधि |
| १७. | भीम रोका | महाधिवेशन प्रतिनिधि |
| १८. | मनोज खड्का | महाधिवेशन प्रतिनिधि |
| १९. | श्याम श्रेष्ठ | पू.के.स. तरुण दल, महाधिवेशन प्रतिनिधि |
| २०. | मित्रदेव घिमिरे | महाधिवेशन प्रतिनिधि |
| २१. | ऋषिराम कंडेल | महाधिवेशन प्रतिनिधि |
| २२. | चोलाकान्त पंगेनी | महाधिवेशन प्रतिनिधि |
| २३. | पुरुषोत्तम खनाल | महासमिति सदस्य |

**दिपक थापा**
अध्यक्ष

**नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसन**
नयाँबानेश्वर, काठमाण्डौ, फोन नं. ०१-४५६६४२८, इमेल : ndfeefforum@gmail.com

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com



# विदेशी मुद्रा सञ्चिति र रेमिटयान्समा सुधार

**छबि सापकोटा/मध्यान्ह**
काठमाडौं, २७ चैत ।




वैदेशिक रोजगारीमा गएका नेपाली युवा जनशक्तिले फठाएको रेमिटयान्सले देशको अर्थतन्त्रलाई मजबुत बनाएको छ। नेपाल राष्ट्र बैंकले बुधबार सार्वजनिक गरेको देशको वर्तमान आर्थिक तथा वित्तीय स्थितिमा रेमिटयान्स साढे १० खर्बभन्दा बढी भित्रिएको छ ।

आर्थिक वर्ष २०८१/०८२ को ८ महिनामा १० खर्ब ५१ अर्ब ७७ करोड रुपैयाँ भित्रिएको छ, जुन अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा ९ दशमलव ४ प्रतिशतले बढी हो। नेपालबाट रोजगारीका लागि देश छाड्नेको संख्या बढ्दै जाँदा नेपाल आउने रेमिटयान्ससमेत बढिरहेको छ ।

यस्तै, चालू आर्थिक वर्षको ८ महिनामा विदेशी मुद्रा सञ्चिति २४ खर्ब ९ अर्ब २५ करोड रुपैयाँ पुगेको छ। असार मसान्तमा २० खर्ब ४१ अर्ब १० करोड बराबर कुल विदेशी विनिमय सञ्चिति रहेको थियो । चालू अर्थिक वर्षको ८ महिनमाा १८ दशमलव शून्य प्रतिशतले कुल विदेशी विनिमय सञ्चिति बढेको छ।

राष्ट्र बैंकमा रहेको विदेशी सञ्चितिले १७ दशमलव २ महिनाको वस्तु आयात र १४ दशमलव ३ महिनाको वस्तु तथा सेवा आयात धान्न सक्ने राष्ट्र बैंकले जनाएको छ। समीक्षा अवधिमा शोधनान्तर स्थिति ३ खर्ब १० अर्ब ३७ करोडले बचतमा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति ३ खर्ब २७ अर्ब ५५ करोडले बचतमा रहेको थियो ।

अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा २ अर्ब ४६ करोडले बचतमा रहेको शोधनान्तर स्थिति समीक्षा अवधिमा २ अर्ब २९ करोडले बचतमा छ।

नेपालमा कर्जा प्रवाहसमेत बढ्दो छ । निजी क्षेत्रमा ३ खर्ब ४ अर्ब ८२ करोड प्रवाह भएको छ । निजी क्षेत्रमा जाने कर्जामध्ये वाणिज्य बैंकहरूको कर्जा प्रवाह ६ दशमलव ३ प्रतिशत, विकास बैंकहरूको २ दशमलव १ प्रतिशत र वित्त कम्पनीहरूको कर्जा प्रवाह ५ दशमलव ७ प्रतिशतले बढेको राष्ट्र बैंकले जनाएको छ ।

८ महिनामा बैंक तथा वित्तीय संस्थाको लगानीमा रहेको कर्जामध्ये औद्योगिक उत्पादन क्षेत्रतर्फको कर्जा ९ दशमलव ३ प्रतिशतले, निर्माण क्षेत्रतर्फको कर्जा ९ दशमलव ५ प्रतिशतले, थोक तथा खुद्रा व्यापार क्षेत्रतर्फको कर्जा ४ दशमलव ४ प्रतिशतले, यातायात, संचार तथा सार्वजनिक सेवा क्षेत्रतर्फको कर्जा ७ दशमलव ८ प्रतिशतले, सेवा उद्योग क्षेत्रतर्फको कर्जा ८ दशमलव शून्य प्रतिशतले र उपभोग्य क्षेत्रतर्फको कर्जा ६ दशमलव ७ प्रतिशतले बढेको छ ।

अर्थतन्त्रमा सुधारको संकेत देखिने वैदेशिक व्यापारमा समेत वृद्धि भएको छ । चालू आर्थिक वर्षको ८ महिनामा १ खर्ब ५८ अर्ब १७ करोड कुल वस्तु निर्यात भएको छ । यो ५७ दशमलव २ प्रतिशतले वृद्धि हो ।

यस्तै, राष्ट्र बैंकको तथ्यांकले फागुनमा महँगी दर चालू आर्थिक वर्षको सबैभन्दा कम भएको छ। फागुन महिनामा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ३ दशमलव ७५ प्रतिशत छ ।

# पक्राउ परेका नेताहरूलाई रिहा नगरे सामूहिक गिरफ्तारी दिने घोषणा



**काठमाडौं/मस–** राजसंस्था पुनःस्थापना जनआन्दोलन समितिका कार्यवाहक संयोजक डा. जगमान गुरुङले अगामी वैशाख २२ गते सामूहिक गिरफ्तारी दिने बताएका छन् । बुधबार काठमाडौंमा आयोजित पत्रकार सम्मेलनमा उनले यस्तो बताएका हुन् ।

उनले तीनकुने घटनापछि नजरबन्दमा रहेका समितिका अध्यक्ष तथा पक्राउ परेका नेताहरुलाई मुक्त गर्न सरकारलाई अगामी वैशाख २१ गतेसम्मको समय दिएको बताए। उनले समय सीमाभित्र सरकारले नेताहरुलाई मुक्त नगरे तीनकुनेमा मारिएका युवाहरुको रगतले लत्पतिएको माटोको टिका लगाएर भद्र आन्दोलनमार्फत सामूहिक गिरफ्तारी दिने बताए ।

उनले आफूले ज्यानको माया मारेर भद्र अवज्ञा आन्दोलनको अगुवाइ गर्ने भन्दै रुची हुने सबैलाई आन्दोलनमा सहभागी हुन आह्वान गरे । उनले सशस्त्र वा हिंस्रक आन्दोलन गर्ने आफूहरुको कुनै मनसाय नभएको भद्र अवज्ञा आन्दोलनमार्फत अभियान सफल हुने दाबी गरे ।

डा. गुरुङले तीनकुनेको कार्यक्रमपछि आन्दोलन सेलाएको र राजसंस्था फर्किंदैन भनेर विरोधीहरुले हल्ला चलाएको बताए । उनले अभियानमार्फत ढिलो चाँडो राजसंस्था पुनःस्थापना भएरै छोड्ने दाबी गरे ।

कार्यक्रममा नेता डा. प्रकाशचन्द्र लोहनीले नेपालमा राजनीतिक सन्तुलन मिलाउन चुनौति रहेको बताए । उनले विश्वको राजनीति निकै असन्तुलन गतिमा अगाडि बढेको बताए ।

# लागुऔषध र अवैध हतियारसहित पक्राउ




**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २७ चैत

रौतहट प्रहरीले ठूलो परिमाणको लागुऔषध गाँजा र अवैध हात हतियारसहित सावन गिरीलाई पक्राउ गरेको छ । भारततर्फ गाँजा तस्करी हुँदैछ भन्ने विशेष सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय रौतहटबाट खटिएको प्रहरी टोलीले इशनाथ नगरपालिका वडा नं. १ अन्तर्गत झोलुङ्गे पुल नजिकको केरावारी क्षेत्रबाट गिरीलाई पक्राउ गरेको हो ।

सोमबार राति प्रहरीले चार जनाको समूहलाई टाउकोमा प्लास्टिकको बोरा बोकी भारततर्फ जाँदै गरेको अवस्थामा देखेपछि उनीहरूलाई रोकेको थियो । समूहका केही व्यक्तिहरूले टर्च बालेर बाटो देखाउँदै थिए भने अन्यले गाँजा भएको शंका गरिएका बोरा बोकेका थिए । प्रहरी देखेपछि उनीहरू बोरा र टर्च छाडेर दक्षिणतर्फ भाग्न थालेका थिए ।

सोही क्रममा रौतहट प्रहरी टोलीले गौर नगरपालिका वडा नं. ४ टिकुलियाका २१ वर्षीय गिरीलाई पक्राउ गर्न सफल भएको हो । उनलाई नियन्त्रणमा लिएर तलासी गर्दा ८ एमएमकेएफ लेखिएको तीन राउण्ड गोली र एक थान रियलमी १२ एक्स ५ जि मोबाइल फेला परेको थियो ।

प्रहरीले घटनास्थलको आसपासको क्षेत्रमा खोजतलास गर्दा भुईंमा लोड गरिएको एक थान कटुवा पेस्तोल पनि फेला पारेको छ। साथै, घटनास्थलदेखि करिब ५० मिटर वरिपरि चारवटा बोरा भेटिएका छन्, जसभित्र स-साना ११ वटा पोका रहेको र तीमध्ये जम्मा १०९ किलोग्राम गाँजा जस्तो देखिने लागुऔषध फेला परेको रौतहट प्रहरीले जनाएको छ ।

पक्राउ परेका गिरीलाई लागुऔषध (गाँजा) ओसार पसार तथा हातहतियार खरखजानासम्बन्धी कसुरमा म्याद थप गरी थप अनुसन्धान भइरहेको प्रहरी उपरीक्षक दिलिप घिमिरेले बताए । साथै, घटनामा संलग्न अन्य फरार व्यक्तिहरूको पहिचान र खोजीकार्य तीव्र पारिएको जानकारी प्रहरीले जानकारी दिएको छ ।

## नेपालमा...

आवश्यक सुझाव दिन्छौं', अन्तर्राष्ट्रिय महिला दिवसका अवसरमा काठमाडौंमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष मगरले भने ।

मगरका अनुसार यसअघि महिलाको स्वास्थ्य र सामाजिक सुरक्षालाई ध्यानमा राख्दै २० वर्षपछि मात्र विवाह गर्न पाउने कानुन बनाएको थियो । तर, समाजमा अझै बालविवाहका रोकिएका छैनन् ।

२०६८ सालको जनगणनाअनुसार १५ देखि १९ वर्ष उमेरमा ४८ दशमलव ८६ प्रतिशत, १० देखि १४ वर्ष उमेरमा १० दशमलव २१ प्रतिशत र १० वर्षमुनिका १ प्रतिशतको पहिलो विवाह भएको थियो ।

राष्ट्रिय जनगणना २०७८ अनुसार १८ देखि २० वर्षको उमेरमा ३४ दशमलव ४ प्रतिशत, १५ देखि १७ वर्षको उमेरमा २२ दशमलव ३ प्रतिशत, १०-१४ वर्षको उमेरमा ७ प्रतिशत र १० वर्षमुनिको उमेरमा शून्य दशमलव ३ प्रतिशतको पहिलो विवाह भएको छ ।

तथ्यांकमा बालविवाह तुलनात्मक रूपमा कम हुँदै गएको देखिए तापनि बालविवाह भने कायमै रहेको देखिन्छ । तर, सरोकारवालाहरू सबैभन्दा बढी संख्यामा विवाह हुने उमेर १८ देखि २० भएकाले यो एक चुनौतीको रूपमा रहेको बताउँछन् ।

यसलाई सम्बोधन गर्न हाल कार्यान्वयनमा रहेको विवाहको उमेर २० भन्दा कम गर्ने विषयमा सरकार र सरोकारवालाबीच छलफल चलिरहेको छ ।

मानवअधिकार आयोगका अधिकारीहरू सातै प्रदेशमा पुगेर विभिन्न पक्षहरूको धारणा संकलन गरेर त्यस आधारमा सरकारलाई नीति निर्माणका लागि ठोस सुझाव दिइने बताउँछन् । बालविवाह रोकथाम, युवाको अधिकार तथा सामाजिक सन्तुलनलाई ध्यानमा राख्दै आयोगले अध्ययन सुरु गरेको छ ।

आयोगका अनुसार २० वर्ष आसपासमा भएका विवाहमा बालविवाहको रूपमा उजुरी नदिईकन 'इगो'को रूपमा बढी सजाय हुने अपहरण, शरीर बन्धक, जबर जस्ती करणी जस्ता विषय जोडेर पूर्वाग्रह राख्ने प्रवृत्ति रहेकोसमेत पाइन्छ । यसलाई देखाएरसमेत कतिपयले विवाहको न्यूनतम उमेर १८ वर्ष बनाउन उपयुक्त हुने सुझाउने गरेका छन्। यसबारे स्थलगत अध्ययन गरेपछि मात्र आयोगको ठोस धारणा बन्ने उनीहरूको जबाफ छ ।

२० वर्ष नपुगी विवाह हुने र बच्चा जन्मिने क्रम छ । यस्तोमा बच्चाको जन्म दर्ताका बेलासमेत सकस पर्ने गरेको छ ।

### अन्तर्राष्ट्रिय अभ्यास

आयोगले अध्ययनका क्रममा बाह्य मुलुकको अभ्याससमेत हेर्ने छ ।

संयुक्त अधिराज्य बेलायतका इंग्ल्यान्ड र वेल्समा विवाहका लागि केटा र केटी दुवै १८ वर्ष पुग्नुपर्छ । स्कटल्यान्ड र उत्तरी आयरल्यान्डमा दुवै जना १६ वर्ष पुगे हुन्छ ।

अमेरिकाका धेरैजसो राज्यमा १८ वर्षलाई विवाहका लागि योग्य उमेर मानिएको छ । भारतमा विवाह हुने दिनमा केटा २१ र केटी १८ वर्ष पुग्नुपर्ने कानुनी व्यवस्था छ। चीनमा विवाहका लागि केटाका लागि २२ र केटीका लागि २० वर्ष पुग्नुपर्ने कानुनी व्यवस्था छ ।

## राष्ट्रिय...

क्रममा कुल गार्हस्थ्य उत्पादन र मुद्रास्फीति पनि बढेको छ ।

एक अध्ययन प्रतिवेदनअनुसार विश्वव्यापी शासन सूचकांकको विगतको स्तरमा पनि नेपालले फड्को मारेको छ ।

स्विडेनको गोथेनवर्ग विश्वविद्यालयको अनुसन्धानमूलक प्राज्ञिक संस्था 'भेराइटिज अफ डेमोक्रेसी (भी-डेम)'ले नेपालको समग्र आर्थिक अवस्थाको सूक्ष्म अध्ययन गरी प्रतिवेदन तयार गरेको छ । उक्त प्रतिवेदन गत महिना सार्वजनिक भएको छ ।

प्रतिवेदनले आर्थिक वर्ष २०४६/०४७, २०६३/०६४ र २०८०/०८१ को आर्थिक तथा सामाजिक क्षेत्रको तुलनात्मक अध्ययन गर्दै नेपालको आर्थिक, वित्तीय, शैक्षिक, स्वास्थ्य, पूर्वाधारसहितका विषयमा प्रतिवेदन तयार पारेको हो ।

भी-डेमअन्तर्गत रहेको लिबरल डेमोक्रेसी इन्डेक्स (एलडीइआई)का अनुसार सन् २०१७ को तुलनामा सन् २०२४ मा नेपालको शासन सूचकांकमा सुधार आएको छ । हाल नेपाल शून्य दशमलव ५२ अंकसहित ५५औं स्थानमा छ जबकि सन् २०१७ मा शून्य दशमलव ४६४ अंकसहित ७७औं स्थानमा थियो ।

प्रतिवेदनअनुसार आर्थिक वर्ष २०४६/०४७ मा १ खर्ब ३ अर्ब ४२ करोड रुपैयाँ रहेको नेपालको कुल गार्हस्थ्य उत्पादन २०६३/०६४ मा ६ खर्ब ५४ अर्ब ८ करोड पुगेको थियो भने हाल कुल गार्हस्थ्य उत्पादन ५७ खर्ब ४ अर्ब ८४ करोड रुपैयाँ छ ।

### जीवनस्तरमा...

३२ रहेकामा नेपाल जीवनस्तर सर्वेक्षण, २०७९/०८० मा यस्तो सूचकांक शून्य दशमलव ३० छ । हरेक सर्वेक्षणमा ग्रामीण क्षेत्रमा भन्दा शहरी क्षेत्रमा गिनी सूचकांक उच्च रहेको देखिएको छ ।

यसका साथै बहुआयामिक गरिबी पनि घटेको तथ्यांकमा उल्लेख छ । नेपाल जनसांख्यिक स्वास्थ्य सर्वेक्षण, २००६ अनुसार बहुआयामिक गरिबी ६४ दशमलव ७ प्रतिशत रहेकामा सन् २०१४ मा २८ दशमलव ६ प्रतिशत थियो । तर, सन् २०१९ मा बहुआयामिक गरिबीमा रहेको जनसंख्या १७ दशमलव ४ प्रतिशत पुगेको छ ।

यसका साथै मानव विकास सूचकांकमा पनि सुधार भएको छ । संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (यूनएनडीपी)का अनुसार २०४७ सालमा मानव विकास सूचकांक शून्य दशमलव ३९५ थियो भने २०६३ सालमा शून्य दशमलव ५०३ पुगेको थियो ।

सन् २०२३-०२४ को रिपोर्टअनुसार यस्तो अंक शून्य दशमलव ६०१ पुगेको छ । नेपाल सन् २०११ देखि मध्यम तहको मानव विकासस्तर भएका मुलुकहरूको सूचीमा छ ।

### शिक्षा...

२०६३ सालमा यस्तो संख्या ४ हजार ३९६ पुगेको थियो । गत आ. व.को अन्त्यसम्ममा स्वास्थ्य संस्थाहरूको संख्या ७ हजार ८५८ र अस्पतालको संस्था २१५ छ ।

यससँगै २०५२ सालमा मातृ मृत्यु अनुपात (प्रतिलाख जीवित जन्ममा) ५३९ रहेकामा २०६३ सालमा २८१ मा झरेको थियो । हाल यस्तो अनुपात १५१ छ । प्रति हजार जीवित जन्ममा नवजात शिशु मृत्यु दर २०४८ सालमा ९७ र २०५८ सालमा ६४ थियो भने २०७८ सालमा १६ मा झरेको छ।

प्रतिवेदनले जनसंख्या वृद्धि दरमा कमी आएको उल्लेख गरेको छ । २०४८ सालको जनगणनामा २ दशमलव ०८ रहेको वृद्धि दर २०७८ सालको जनगणनाअनुसार शून्य दशमलव ९२ प्रतिशत छ ।

२०४८ सालमा १ करोड ८४ लाख ९१ हजार रहेको जनसंख्या २०६८ सालमा २ करोड ३१ लाख ५१ हजार र २०७८ सालको जनगणनाअनुसार हाल २ करोड ९१ लाख ६४ हजार पुगेको छ

### पूर्वाधारमा...

यसैगरी यस अवधिसम्म ७३२ स्थानीय तहको केन्द्रसम्म सडक पहुँच पुगेको छ भने ५५३ स्थानीय तहको केन्द्रसम्म पक्की सडकले जोडिएको छ ।

२०४७ सालदेखि २०८१ असारसम्म आइपुग्दा विद्युत् पहुँच पुगेको जनसंख्या ९ प्रतिशतबाट बढेर ९९ प्रतिशत पुगेको छ । २०४७ सालमा विद्युत् उत्पादन ५५६ मेगावाट थियो भने २०८१ पुसमा ३ हजार ४०३ मेगावाट पुगेको छ ।

### महिलाको अवस्थामा सुधार

२०४९ सालमा शून्य दशमलव ६२ महिलाको स्थानीय तहमा प्रतिनिधित्व थियो भने २०७९ सालमा ४१ दशमलव २३ प्रतिशत महिलाको स्थानीय तहमा प्रतिनिधित्व रहेको छ । प्रतिनिधिसभा/संविधानसभामा २०४८ सालमा महिला प्रतिनिधित्व ३ दशमलव ९ प्रतिशत मात्र थियो तर यो संख्या अहिले ३३ दशमलव १ प्रतिशत पुगेको छ ।

## घट्दै...

प्रतिशत)मा झरेको थियो । हाल यस क्षेत्रको योगदान एक चौथाइ (२४ दशमलव ६ प्रतिशत) मात्र छ ।

यसैगरी, आर्थिक वर्ष २०४६/०४७ मा सेवा क्षेत्रको योगदान ३३ दशमलव ५ प्रतिशत थियो भने आ. व. २०६३/०६४ मा ४९ दशमलव ७ प्रतिशत पुगेको थियो । हाल यस क्षेत्रको योगदान ६२ दशमलव ९ प्रतिशत छ।

२०४७ सालको तुलनामा २०८१ सालमा प्रतिव्यक्ति कुल राष्ट्रिय आय ७ गुणाले बढेको छ । २०४७ सालमा २०० अमेरिकी डलर रहेकामा २०६३ सालमा ३५२ र २०८१ सालमा १ हजार ४५६ अमेरिकी डलर पुगेको छ ।

यसका साथै ३ आर्थिक वर्षको तुलनामा सरकारको वार्षिक बजेटको आकार पनि उल्लेखनीय बढेको छ । २०४७ सालमा सरकारले २० अर्ब २४ करोडको बजेट विनियोजन गरेको थियो भने २०६३ सालमा १२६ अर्ब ८९ करोडको बजेट ल्याएको थियो । चालू आर्थिक वर्षमा १ हजार ८६० अर्ब रुपैयाँको बजेट छ ।

## प्यानलसहित...

प्यालेस र गुरुङ प्यानलले यती इभेन्ट्समा अन्तिम चुनावी सभा गरे । कार्यक्रमस्थल करिब डेढ मिनेटको दुरीमा रहेका कारण मतदाता व्यवसायी दुवै प्यानलको प्रतिबद्धता र एजेन्डा सुन्न दुवैतिर ओहोरदोहोर गरिरहेका देखिन्थे ।

दुवैको कार्यक्रममा कलाकारहरूले सांस्कृतिक प्रस्तुति राखेका थिए । चुनावी प्रतिस्पर्धामा रहेका दुवै प्यानलले आफ्नो पक्षमा जित सुनिश्चित भएको दाबी गरेका थिए । तर, पाका पुस्ताका एक अनुभवी व्यवसायी आफूसहित करिब १५ देखि २० प्रतिशत मतदाता अझैसम्म पनि कता मतदान गर्ने भनेर अन्योल र अनिर्णित अवस्थामा रहेका टिप्पणी गरे। उनले अनिर्णित अवस्थामा रहेका मतदाताले अन्तिम परिणामलाई प्रभावित गर्न सक्ने जिकिर गरे ।

प्यानलबाहिर रहेर सचिवमा उम्मेदवारी दिएका व्यवसायी ईश्वर सापकोटा र प्रथम उपाध्यक्षमा स्वतन्त्र उम्मेदवारी दिएका अख्तर हुसेनले पनि व्यवसायीको हितमा काम गर्ने भन्दै मत मागिरहेको बताएका छन् ।

गुरुङ प्यानलका लागि नेपाली कांग्रेसका पूर्वउपसभापति गोपालमान श्रेष्ठ, नेकपा (माओवादी केन्द्र)का स्थायी समिति सदस्य तथा पूर्व श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री रामेश्वर राय यादव, सांसद राजन दाहाल, नेपाली कांग्रेस केन्द्रीय सदस्य नैनसिंह महर, सांसद मीना गौतम, नेपाली कांग्रेसका सांसद प्रकाश रसाइली 'स्नेही', केन्द्रीय सदस्य अब्दुल सत्तार, वरिष्ठ व्यवसायी ललितपुर वैदेशिक रोजगार व्यवसायी समाजका अध्यक्ष नवराज केसी, सामाखुसी एकता समितिका अध्यक्ष हरिबहादुर पाण्डे क्षेत्री, वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चका अध्यक्ष धनलाल जैशीलगायतको उपस्थिति थियो। उनीहरूले गुरुङ प्यानललाई मत दिएर जिताउन आग्रह गरे ।

गोपालमान श्रेष्ठ र प्रकाश रसाइलीले भुवनसिंह गुरुङको प्यानल नै आधिकारिक रहेको बताए ।

सो प्यानलको प्रथम उपाध्यक्षमा नोकरी नेपाल प्रा. लि.का संचालक नरेन्द्रप्रसाद ढकाल, द्वितीय उपाध्यक्षमा अलर्ट ओभरसिज प्रा. लि.का संचालक देवकुमार खोखाली, तृतीय उपाध्यक्षमा इम्प्लोइमेन्ट क्रियसन सर्भिस प्रा. लि.का संचालक हर्कबहादुर लिम्बू, महासचिवमा ग्लोबल राइजिङ प्लेसमेन्ट प्रा. लि.का संचालक महेशकुमार बस्नेत, सचिवमा आकृति रिक्रुटिङ प्रा. लि.का संचालक कुन्छा दोर्जे दिम्दोङ र कोषाध्यक्षमा शुभ हारती म्यानपावर प्रा. लि.का संचालक विक्रम श्रेष्ठले उम्मेदवारी दिएका छन् ।

कार्यसमिति सदस्यमा इम्पेरियल ओभरसिज प्रा. लि.की संचालक विद्यालक्ष्मी बज्राचार्य, राज ग्रुप अफ कम्पनीका संचालक राज लामा तामाङ, हिमालयन भ्याली नेपाल प्रा. लि.का संचालक देवीप्रसाद गिरी, ब्रदर इन्टरनेसनल इम्प्लोइमेन्ट प्रा. लि.का संचालक दीपककुमार राय, रसुवा ओभरसिज प्रा. लि.का संचालक सुवर्ण लामा, सेक्युर नेपाल जब प्रा. लि.का संचालक सुमनराज पाण्डे, सिल्भर कर्नर ओभरसिज प्रा. लि.का कैलाश पाठक, युनिभर्स एच. आर. सोलुसन प्रा. लि.का संचालक भरत सापकोटा, रिजा ओभरसिज प्रा. लि.की संचालक रेखा शर्मा, इगल मेनपावर कन्सल्टेन्ट प्रा. लि.का संचालक कृष्ण ढकालले उम्मेदवारी दिएका छन् ।

अध्यक्षका उम्मेदवार गुरुङले आफ्नो प्यानल निर्वाचित हुने सुनिश्चित बनेको भन्दै संख्या सय, मागपत्र प्रमाणीकरणलगायतका समस्याको यथाशीघ्र समाधान खोज्ने बताए। उनले संघमा कार्यरत रहेको अवस्थादेखि हालसम्म सधैं सिन्डिकेटको विरोधमा उभिएको र सिन्डिकेटविरोधी पहिचान बनाएकाले आफ्नो नाम सिन्डिकेटसँग जोडर प्रचारप्रसार गर्नु तथ्य र आधारहीन रहेको बताए ।

प्यानलका अन्य उम्मेदवारहरूले पनि आफ्नो परिचय र प्रतिबद्धता राखेका थिए। एसोसिएसनका अध्यक्ष दीपक थापाको सभापतित्वमा भएको कार्यक्रम एसोसिएसनका कार्यबाहक महासचिव तुलसी पुरीले संचालन गरेका थिए ।

गेलाल प्यानलको अन्तिम चुनावी सभालाई उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारी, नेकपा एमाले संसदीय दलका प्रमुख सचेतक महेश बर्तौला, नेपाली कांग्रेसका नेताहरू गुरुराज घिमिरे र सीता देवकोटालगायतले सम्बोधन गरेका थिए ।

एमाले सचेतक बर्तौलाले केही नेपाललाई संशोधन गर्न बनेको विधेयक, वैदेशिक रोजगार ऐनका दफाहरूमा गरिएको संशोधन र खासगरी व्यवसायीलाई जनही ५० हजार रुपैयाँ जरिमाना गर्न गरिएको प्रस्तावबारे जानकारी दिए । उनले वैदेशिक रोजगारबारे परेका सबै उजुरीका आधारमा नभई ठगीमा परेका कामदारको संख्या यकिन भएपछि सोही संख्याका आधारमा जनही ५० हजार रुपैयाँ जरिमाना हुने प्रबन्ध विधेयकमा रहेकाले व्यवसायीहरू तर्सिनु नपर्ने र त्यसमा पनि पुनर्विचार हुन सक्ने जानकारी दिए ।

अध्यक्षका उम्मेदवार गेलालले आफ्नो नेतृत्वको प्यानल सुधार र समन्वयको पक्षपाती रहेको तर अर्को प्यानल विभिन्न सिन्डिकेटधारीहरूबाट घेरिएको बताए। संघको भवन खरिद, संघमा महिला प्रतिनिधित्वको सुनिश्चितता जस्ता विषयमा अर्को प्यानल समर्थक व्यवसायी गैरजिम्मेवार देखिएको उनको भनाइ थियो ।

गेलाल प्यानलको प्रथम उपाध्यक्षमा एलायन्स ह्युमन रिसोर्स प्रा. लि.का संचालक संघका पूर्वमहासचिव सुजितकुमार श्रेष्ठ, द्वितीय उपाध्यक्षमा इम्प्लोइमेन्ट लिंक नेपाल प्रा. लि.का संचालक मधुकर रिजाल, तृतीय उपाध्यक्षमा न्यु अल्फा एचआर प्रा. लि.का संचालक बैकुण्ठ पौडेल वैभव, महासचिवमा डाइनामिक स्टाफिङ सोलुसन प्रा. लि.का संचालक कर्णराज कटुवाल, सचिवमा कन्फिडेन्ट इन्टरनेसनल म्यानपावर प्रा. लि.का संचालक अनिल बोगटी र कोषाध्यक्षमा कालिञ्चोक एचआर प्रा. लि.की संचालक धनु सिँजालीले उम्मेदवारी दिएका छन् ।

कार्यसमिति सदस्यका उम्मेदवारहरूमा माउन्टेन ग्रुप प्रा. लि.का संचालक देउमान नेम्बाङ, ग्रोथ प्रोसेस इन्टरनेसनल इम्प्लोइमेन्ट प्रा. लि.का संचालक राजेन्द्र बस्नेत, उज्यालो ओभरसिज प्रा. लि.का संचालक चन्द्र लिम्बू, विनर एचआर सोलुसन प्रा. लि.की संचालक हिमा गुरुङ, रियो ओभरसिज प्रा. लि.की संचालका रमा खड्का, गल्फ इम्पायर ओभरसिज प्रा. लि.का संचालक दिनेश बस्नेत, आयुश ओभरसिज प्रा. लि.का कामेश्वर साह राहुल, सिगल ओभरसिज प्रा. लि. संचालक छत्र बस्नेत, डेस्टिनी ह्युमन रिसोर्स प्रा. लि.का संचालक युवराज देवकोटा, गल्फ एसिया म्यानपावर प्रा. लि.का संचालक राजेश यादवले उम्मेदवारी दिएका छन् ।

कार्यक्रम निर्वाचन परिचालन समिति संयोजक सरोज पोखरेलको सभापतित्वमा भएको थियो भने संघका प्रथम उपाध्यक्ष डिकबहादुर खत्री 'कुमार'ले संचालन गरेका थिए ।

**कुवेतमा रोजगार**
कम्पनी: BETTER CLUB CATERING COMPANY — शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०८१/१२/२७ — चलानी नं.: ६०२३५५१२ — L.T. No.: 321769

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Male Kitchen Helper | 4 | 0 | स. काममा दक्ष | 120 | ५३,६६३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ बैशाख ४ गते (17 April 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

OMAMA MANPOWER PVT. LTD.
Gov. Lic. No. 1422/074/075
An ISO 9001: 2015 International Standards Certified Recruiting Agency
Sinamangal-9, Ekatatole, Hyundai Showroom Opposite, Kathmandu
Tel: 01-4587731, 01-4581383, 9702046184, Whatsapp : 9702046184, 9801054682, 9805945922.
E-mail: omamamanpower@gmail.com, URL : www.omamamanpower.com

**UAE मा रोजगार ।**
कम्पनी : KAD AIRCONDITIONING L.L.C — शहर : UAE
पूर्व स्वीकृत मितिः २०८१/१२/२७ — चलानी नं.: ६०२३५९११ — LT. No.: 321735

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electrical Technicians | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४५,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Electrician. | 2 | 0 | | 1200 | ४५,००० | | | | | | | |

कम्पनी : BUTEC CO - L.L.C — शहर : UAE
पूर्व स्वीकृत मितिः २०८१/१२/२७ — चलानी नं.: ६०२३५९१० — LT. No.: 321732

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Labour | 25 | 0 | सम्बन्धित काममा दक्ष | 800 | ३०,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Carpenter | 27 | 0 | | 1200 | ४५,००० | | | | | | | |
| 3. | Concrete Mason | 8 | 0 | | 1200 | ४५,००० | | | | | | | |
| 4. | Electrical Mechanic | 30 | 0 | | 1200 | ४५,००० | | | | | | | |
| 5. | Electrician Assistant | 10 | 0 | | 1000 | ३७,५०० | | | | | | | |
| 6. | Pipe Fitter | 45 | 0 | | 1200 | ४५,००० | | | | | | | |
| 7. | Scaffolder | 15 | 0 | | 1200 | ४५,००० | | | | | | | |
| 8. | Steel Fixer | 10 | 0 | | 1200 | ४५,००० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८२ बैशाख ४ गते (17 April 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा. लि.
श्रम इजाजत नं.: ५७२/०६२/०६३
पो.ब.नं. २४७८०, ताल्चिखेल -१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी बिकास बैंक पछाडी), ललितपुर
फोन नं. : ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९, E-mail : nepal@soundlinesgroup.com
CREATING VALUE THROUGH PEOPLE

**यूएईमा रोजगार**
कम्पनी: AL BAHIYA TRADING AND SERVICES-SOLE PROPRIETORSHIP L.L.C — शहर: UAE
पूर्व स्वीकृत मितिः २०८१/०८/१३ — चलानी नं.: ६०२२८८७३ — L.T. No.: 314513 — पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners (Male) | 41 | 0 | सम्बन्धित काममा दक्ष | 800 | ३०,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaners (Ladies) | 0 | 10 | | 800 | ३०,००० | | | | | | | |

कम्पनी: ENGINEERING UNIT GENERAL CONTRACTING - SOLE PROPRIETORSHIP LLC — शहर: UAE
पूर्व स्वीकृत मितिः २०८१/०९/२६ — चलानी नं.: ६०२३११९० — L.T. No.: 316994 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Brick Layer | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४५,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Electrician | 5 | 0 | | 1200 | ४५,००० | | | | | | | |
| 3. | Mason. | 5 | 0 | | 1200 | ४५,००० | | | | | | | |
| 4. | Painter | 5 | 0 | | 1200 | ४५,००० | | | | | | | |
| 5. | Plumber | 5 | 0 | | 1200 | ४५,००० | | | | | | | |
| 6. | Shuttering Carpenter | 15 | 0 | | 1200 | ४५,००० | | | | | | | |
| 7. | Steel Fixer | 10 | 0 | | 1200 | ४५,००० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ बैशाख ४ गते (17 April 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

NAUKRI NEPAL Recruitment Service Pvt. Ltd.
Birendra Ayswarya Marga, Mitranagar, Gangabu, Kathmandu
Ph.: 4962686 |4985786 | 4985784 |9801059994, 9801059992, 9801059997, 9801056689
Chitwan Contact No: 056-565123690, 056-56512368, 9769328733, 9763597744,
Itahari Contact No: 9816368105 | 9810591900, Pokhara Contact No : 9856035442 | 9804162771
Email: cv.naukrinepal@gmail.com | Web: www.naukrinepal.com | like us on facebook.com/naukri.nepal
इजाजत पत्र नं. ६५७/०६३/०६४



# ‘सिन्डिकेट रोक्न र संघलाई प्रभावकारी बनाउन प्रगतिशीलसँग तालमेल र सहकार्य’

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका पूर्वअध्यक्ष विमलप्रसाद ढकाल संख्या सय समस्याको समाधान नभएसम्म चुनाव गर्नुको कुनै अर्थ नरहने भन्दै गत फागुनमा तोकिएको निर्वाचन सार्ने विषयमा अगुवाइ गर्ने व्यवसायी हुन् । आगामी २९ चैतमा हुने संघ कार्यसमितिको निर्वाचनम पूर्वअध्यक्ष ढकाल आफैं पूर्वअध्यक्ष रहेको नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनले पार्टीको नीतिविपरीत चुनावी तालमेल गरेको र उम्मेदवार छान्ने निर्णयमा अपरिपक्वता देखाएको भन्दै सिन्डिकेट रोक्न र संघलाई प्रभावकारी बनाउन प्रगतिशीलसँग तालमेल र सहकार्य गरेर अघि बढ्ने चुनौतीको बाटोमा अघि बढेका छन् । प्रस्तुत छ, संघका पूर्वअध्यक्ष विमलप्रसाद ढकालसँग संघको निर्वाचनको सन्दर्भमा मध्यान्हले गरेको कुराकानीको सम्पादित अंश :

■ **विमलप्रसाद ढकाल**
**पूर्वअध्यक्ष, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**

**नेपाल वैदेशिक रोजगार व्यवसायी संघको निर्वाचनमा नरेश गेलाल नेतृत्वको संयुक्त व्यवसायी समूहको निर्वाचन परिचालन समितिमा हुनुहुन्छ । तयारी कस्तो छ ?**

प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपाल, नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनको अर्को पक्ष र एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठनबीचको तालमेलमा बनेको नरेश गेलाल प्यानलले राजधानीका विभिन्न क्षेत्रमा क्षेत्रीय भेलाहरू सम्पन्न गरेको छ ।

अत्यन्तै प्रखर, अनुभवी र क्षमतावान् व्यवसायीहरू रहेको अत्यन्तै सन्तुलित प्यानल बनेका कारण आमव्यवसायीमा नयाँ उत्साह देखिएको छ । सिन्डिकेट रोक्न र संघलाई प्रभावकारी बनाउन प्रगतिशीलसँग तालमेल र सहकार्य गरिएको विषयमा हामीले सबै भेलाहरूमा व्यवसायीलाई बुझाएका छौं, हाम्रा प्रतिबद्धता राखेका छौं ।

प्रमुख ३ घटकको उम्मेदवार प्यानलमा तालमेल, तराईका सबै व्यवसायी र प्रजातान्त्रिक वैदेशिक रोजगार व्यवसायी संगठनको समर्थनले टिम अतिबलियो अवस्थामा रहेको प्रस्ट भएको छ ।

**तपाईंहरूको प्यानलका मुख्य एजेन्डा के-के छन् ?**

वैदेशिक रोजगार क्षेत्र विगत केही समयदेखि त्रासपूर्ण अवस्थामा छ । हाल विशेषगरी संख्या सयको बाध्यता हटाएर सधैंका लागि समस्या समाधान गर्न संसद्मा विचाराधीन अवस्थामा रहेको वैदेशिक रोजगार ऐनको संशोधन विधेयक पारित गराउन भूमिका खेल्नुपर्ने बाध्यात्मक अवस्था एकातिर छ भने सिन्डिकेटको विषयमा व्यवसायीहरू त्रसित अवस्थामा हुनुहुन्छ ।

सिन्डिकेटलाई परास्त गर्न सकिएन भने साढे ४ सय बढी व्यवसायीको लाइसेन्स नै जाने र धेरै व्यवसायीले जिन्दगीभर गरेको पेसा व्यवसायबाट सधैंभरिका लागि हात धुनुपर्ने खतरा छ ।

बायोमेट्रिक, भीएलएन, एससीसी, साउदी भिसा सेन्टर जस्ता विभिन्न नाममा मन्त्रीका कारणले सिन्डिकेट लागेको हो । नेपालको सन्दर्भमा डरलाग्दो अवस्था के देखियो भने माफियासँग साँठगाँठमा रहेको तत्त्वले नेपाल र कामदार जाने दुवै देशमा पोलिसीका नाममा सिन्डिकेट खडा गर्ने गरेको देखियो ।

विगतमा स्वास्थ्य परीक्षणका नाममा सिन्डिकेट आयो, अहिले २५ वटा म्यानपावर कम्पनीलाई मात्रा मलेसियामा कामदार पठाउन पाउनेगरी डिजाइन तयारी अवस्थामा राखिएको विभिन्न माध्यमबाट सार्वजनिक भइरहेको छ । यस्तो अवस्थामा संघमा आमव्यवसायीका पक्षमा काम गर्ने नेतृत्वको टड्कारो देखियो ।

**सिन्डिकेटको विषय विगतमा पनि चुनावी नारा बनेको थियो । यस पटक पनि एक प्यानलले अर्कोतिर आक्षेप लगाउने गरेको देखिन्छ । यसले अन्योल बढाएको व्यवसायीहरू बताउँछन् । तपाईं कसरी स्पष्ट गर्नुहुन्छ ?**

यस पटक संघको निर्वाचनमा २ प्यानल बनेको प्रस्ट देखिन्छ । गहिरिएर विश्लेषण गर्दा के देखियो भने विगतमा बायोमेट्रिक स्वास्थ्य परीक्षण गराउने मामिलामा जो-जो सक्रिय थिए, उनीहरू एकै ठाउँमा ऐक्यबद्ध भएर लागेका छन् ।

उनीहरू संघमा केही गर्न नसक्नेलाई ‘डमी’ नेतृत्व स्थापित गर्ने योजनामा छन् । नेतृत्वलाई सानो लोभलालचमा फसाएर काम गराउने योजनामा छन् । विगतमा हामीले बनाएका अध्यक्ष सानातिनो लोभलालचमा फसे ।

तत्कालीन मन्त्रीले तत्कालीन अध्यक्षलाई किनेर बायोमेट्रिक लगाए । अहिले नरेश गेलालको नेतृत्वमा राजनीतिक र व्यावसायिक रूपमा परिपक्व टिम आएको छ । सिन्डिकेटलाई परास्त गरेर व्यवसायीको हित रक्षा गर्ने क्षमता यो टिमले राख्छ । यसमा व्यवसायी अलमलिएको मैले पाएको छैन ।

> प्राविधिक बहुमतमा रहेको नेतृत्वले पार्टीको निर्देशन लत्याएर गणतान्त्रिक मञ्चसँग तालमेल गर्‍यो । यसरी हुँदैन, सिन्डिकेट लागू गर्नेलाई किन अगाडि बढाइयो । संस्थालाई बचाउन यस पटक कठोर निर्णय गर्नुपरेको हो ।

**यस पटक नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनको पूर्वअध्यक्ष भइसकेको व्यक्तिले संस्थागत निर्णयका विरुद्ध गएर अराजकतालाई टेवा दिएको टिप्पणी सुनियो ? यसमा के भनाइ छ ?**

तपाईंले उठाउनुभएको आरोप र प्रश्न मैले पनि सुनेको छु । एसोसिएसन नेपाली कांग्रेसको शुभेच्छुक संस्था हो । मसमेत साथीहरूको मिहिनेतमा यो संस्था स्थापना भएको हो । लोकतान्त्रिकको इतिहासमा म संघको अध्यक्षको उमेदवार बन्दा नेपाली कांग्रेसबाट आधिकारिक पत्र आएको हो । नेपाली कांग्रेसले मलाई आधिकारिक उम्मेदवार भनेर रेकोगनाइज गरेको हो ।

उक्त निर्णयपछि केही साथीहरूले मान्छु भनेर सहीछाप गर्नुभयो । तर, अन्यत्र गएर उम्मेदवार बन्नुभयो । ती साथीहरू अहिले नेतृत्व भनेर हिँडिरहनुभएको छ । त्यसमा पनि यस पटक के भयो भने एउटा समुदायको राष्ट्रिय चाड ल्होसारको बिदाको दिन मध्यरातमा अनायास निर्णय गरियो, किन त्यसरी निर्णय गरियो अहिलेसम्म स्पष्ट जानकारी छैन । त्यही पनि मिलेर जाऔं भनेर पटक-पटक छलफल गरियो तर मान्नुभएन ।

अहिले स्पष्ट भयो- उहाँहरू सिन्डिकेटको ग्रान्ड डिजाइनमा हुनुहुँदो रहेछ । प्राविधिक बहुमत देखाएर निर्णय लाद्ने षडयन्त्र देखियो । विगतमा पनि नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनको अध्यक्ष हुँदा सिन्डिकेट लाग्यो, त्यो मान्छे को हो, सबैलाई थाहा छ ।

अहिले प्राविधिक नेतृत्वमा रहेका साथीहरूको योगदान र आचरण परीक्षणको घेरामा परेको छ । प्राविधिक बहुमतले संस्थाको आदर्श मार्न पाइँदैन । अर्कातर्फ अहिलेको राष्ट्रिय राजनीतिको परिवेश केन्द्रमा नेपाली कांग्रेस र नेकपा एमालेको सरकार छ । अन्य साना पार्टी सहभागी छन् । नेपाल पत्रकार महासंघ र नेपाल बार एसोसिएसनमा दुवै पक्ष सहमतिमा उम्मेदवार बनेर आएको अवस्था छ । अहिलेको सरकारमा महत्त्वपूर्ण जिम्मेवारीमा रहनुभएका आदरणीय गृहमन्त्री रमेश लेखकज्यूसँग छलफल हुँदा पनि एमालेसँग तलदेखि माथिसम्म मिलेर जाने र अन्यलाई समेट्न भनिएको हो ।

तर, प्राविधिक बहुमतमा रहेको नेतृत्वले पार्टीको निर्देशन लत्याएर गणतान्त्रिक मञ्चसँग तालमेल गर्‍यो । यसरी हुँदैन, सिन्डिकेट लागू गर्नेलाई किन अगाडि बढाइयो । संस्थालाई बचाउन यस पटक कठोर निर्णय गर्नुपरेको हो ।

**संघका वर्तमान अध्यक्ष मूलतः सेवा शुल्क परिमार्जन, मागपत्र प्रमाणीकरणको समस्या समाधान, व्यवसायीविरोधी ऐन कानुन खारेजी र भवन निर्माणको चुनावी प्रतिबद्धतामा निर्वाचित भएका हुन् । बल्लतल्ल भवन खरिद भयो । त्यो पनि पूरै टुंगिएको छैन । यस्तो अवस्थामा वर्तमान कार्यसमितिमाथि तपाईंको यति धेरै भरोसाको आधार के हो ?**

जोसँग हामीले मिलेर प्यानल बनाएका छौं, त्यो पार्टीको नीति र व्यवसायीको हितमा छ ।

**तपाईंको भनाइका बाबजुद आफूहरूलाई जीवनभर कांग्रेसी मतदाता मान्नेहरू अन्योलमा छन् । के भन्नुहुन्छ ?**

अन्योल केही छैन । मैले नेपाल पत्रकार महासंघ र नेपाल बार एसोसिएसनको उदाहरण दिएर भनिसकें । सिन्डिकेट रोक्न र संघलाई प्रभावकारी बनाएर व्यवसायीका समस्या समाधान गर्न प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपाल, नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनको टिम र एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठनबीच तालमेलमा बनेको नरेश गेलाल प्यानललाई मतदान गर्न मेरो आह्वान छ ।

## तीनकुने घटनाका घाइतेहरूको सम्पूर्ण उपचार खर्च सरकारले बेहोर्छ : गृहमन्त्री

**काठमाडौं/मस-** गृहमन्त्री रमेश लेखकले तीनकुने घटनाका घाइतेहरुको उपचार खर्च सरकारले व्यहोर्ने बताएका छन् । बुधबार सिभिल अस्पतालमा घाइतेहरुसँगको भेटपछि सञ्चारकर्मीहरुसँग कुरा गर्दै गृहमन्त्री लेखकले गत चैत १५ गतेको प्रर्दशनका क्रममा घाइते भएका बिरामीहरूको सम्पूर्ण उपचार खर्च सरकारले व्यहोर्ने बताएका हुन् ।

उनले सरकारले घाइतेको उपचार सरकारले गर्ने निर्णय गरिसकेको र सरकार प्रतिबद्ध रहेको बताए । उनले आफू सबै घाइतेहरूले निःशुल्क उपचार प्राप्त गरेका छन् कि छैनन् भनेर नै निरीक्षण र भेटका लागि पुगेको उल्लेख गरे । उनले अहिले औषधि बाहिरबाट किनेर ल्याउनुपरेको भएपनि त्यसको बिल अस्पतालमार्फत स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा पुगेपछि सरकारले रकम दिने प्रतिबद्धता जनाए ।



गृहमन्त्री लेखकले भने, ‘जति पनि घाइतेहरू यहाँ आउनुभयो उहाँहरुको सरकारले उपचार गर्ने भन्ने निर्णय गरिसकेको छ । सरकरको प्रतिबद्धता छ । सबै घाइतेहरुले निःशुल्क उपचार प्राप्त गरे कि गरेनन् भनेर नै म हेर्न आएको हो । अहिले बाहिरबाट औषधि किन्ने कुरा आफूले खर्च गरे पनि त्यो खर्च गरेको बिल अस्पतालकामार्फत स्वास्थ्य मन्त्रन्त्रालयमा जान्छ । त्यो बिल बराबरको भुक्तानी सरकारले गर्दछ । आफैंले खर्च गरेको भौचर कसैको छ भने पनि अस्पतालमार्फत यो खर्च फलाना बिरामीको यो उपचारमा भएको हो भनेर अस्पतालले प्रमाणित गरेर दियो भने सरकारले दिन्छ ।’

उपचारपछिको भविष्यका लागि के छ सरकारको योजना भन्ने घाइतेका आफन्तको प्रश्नमा गृहमन्त्री लेखकले घाइतेहरुको उपचारपछिका लागि पनि सरकारले विचार गरिरहेको जवाफ दिए ।

## डेडिकेटेड र ट्रंकलाइनको बक्यौता उठाउन ऊर्जामन्त्रीको निर्देशन

**काठमाडौं/मस-** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले उद्योगहरुसँग ‘डेडिकेटेड फिडर र ट्रंकलाइन’को बाँकी बक्यौता रकम यकीन गरेर तत्काल उठाउन निर्देशन दिएका छन् ।

ऊर्जा मन्त्रालयमा बुधबार मन्त्रालयका सचिव सुरेश आचार्य, विद्युत् नियमन आयोगका अध्यक्ष डा रामप्रसाद धिताल र नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यलाई बोलाएर बक्यौता उठाउन निर्देशन दिएका हुन् ।



विसं २०७३ माघदेखि २०७५ वैशाखसम्म विभिन्न उद्योगलाई ट्रंकलाइन र डेडिकेटेड लाइनमार्फत विद्युत् उपलब्ध गराइएको र सोको महसुलसम्बन्धी विवाद रहँदै आएको छ । ऊर्जामन्त्री खड्काले विद्युत् महसुल विवाद समाधान गर्न सरकारले सर्वोच्च अदालतका पूर्वन्यायाधीश गिरिशचन्द्र लालको संयोजकत्वमा गठित समितिले दिएको प्रतिवेदनका आधारमा बाँकी बक्यौता उठाउन निर्देशन दिएका हुन् ।

आयोगको प्रतिवेदनमा ट्रंकलाइन र डेडिकेटेड लाइन प्रयोग गरेबापत टिओडी (टाइम अफ डे) मिटरसमेतका आधारमा अध्ययन गरी बक्यौता असुल गर्न सिफारिस गरेको थियो ।

मन्त्रिपरिषद्को गत कात्तिक २७ को निर्णयानुसार टिओडी मिटरसमेतको तथ्यांक पुनःपरीक्षण भई आएमा विद्युत् बक्यौता तिर्न उद्योगीहरु सहमत भए पनि विद्युत् प्राधिकरणले उपलब्ध गराएको ट्रंकलाइन र डेडिकेटेड लाइन प्रयोग गरेबापतको टिओडीबाट हिसाब नगरेको महसुलमा उद्योगीले असहमति राख्दै आएका छन् ।

## सभापति लामिछानेको पक्राउविरुद्ध रास्वपाद्वारा मानवअधिकार आयोगमा निवेदन

**काठमाडौं/मस-** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले सभापति रवि लामिछानेलाई प्रहरीले गरेको पक्राउबारे छानबिन गर्न माग गर्दै राष्ट्रिय मानव अधिकार आयोगमा निवेदन दर्ता गरेको छ ।

बुधबार पार्टीले काठमाडौंमा पत्रकार सम्मेलन गरी सभापति लामिछानेको पक्राउ गैरकानुनी र मानवअधिकारको गम्भीर उल्लंघन भएको भन्दै आयोगमा निवेदन दिएको जानकारी दिएको हो ।

कार्यवाहक महामन्त्री कविन्द्र बुर्लाकोटीले सभापति लामिछानेको पक्राउ अस्वभाविक र राज्यको गैरकानूनी हर्कत भएको बताए । उनले बिना अनुमति हातहतियारसहित प्रहरीको ठूलो संख्या सभापति लामिछानेको शयन कक्षसम्म पुग्नु असभ्यताको पराकाष्ठा भएको बताए ।

लामिछानेले आफैं गिरफ्तारी दिने बताए पनि प्रहरीले धरपकड र जबरजस्ती बल प्रयोग गरेको उनले बताए । उनले प्रहरीले मृत्युदण्डको समयमा सोधिने अन्तिम इच्छा के छ जस्ता असामान्य र आपत्तिजनक प्रश्नहरु गरेको बताए ।

उनले जिल्ला अदालतको कामकारबाहीमा अनुचित हस्तक्षेप गरी उच्च अदालतको आदेश कार्यान्वयन गर्नु सभापति लामिछानेको स्वच्छ अनुसन्धानको विरुद्ध रहेको बताए । प्रहरीले आततयीरुपले पक्राउ गरेको भन्दै उनले स्वतन्त्रतापूर्वक बाँच्न पाउने हक र वैयक्तिक गोपनीयताको हनन गरेको आरोप लगाए ।

कार्यवाहक महामन्त्री बुर्लाकोटीले राज्य संयन्त्रले मानवअधिकार हनन गरेको भन्दै राज्यको कदमको पार्टीले भर्त्सना गरेका बताए ।

## जलवायु परिवर्तनको असर हिमालमा



**डोल्पा/मस-** जलवायु परिवर्तनको असर विगत केही वर्षदेखि निरन्तररूपमा हिमाली क्षेत्रमा देखिन थालेको छ । परिवर्तित मौसम र जलवायु परिवर्तनले गर्दा माथिल्लो डोल्पाका उच्च हिमालहरू हिउँविहीन भएका छन् ।

डोल्पाको शे-फोक्सुन्डो गाउँपालिका-९ मा अवस्थित चर्चित काञ्जिरोवा हिमाल ६ हजार ८ सय ८३ मिटरमा उचाईमा छ । सधैं हिउँले ढाकिएर सेताम्मे हुने यस हिमालमा अहिले पहिलेको तुलनामा २० प्रतिशत पनि हिउँ नरहेको पर्यटन व्यवसायीहरू बताउँछन् । डोल्पामा समुद्री सतहबाट पाँच हजार मिटरभन्दा माथि बाह्रैमहिना हिउँले ढाकिने क्षेत्र हो । यहाँ ६ हजार मिटर अग्ला धौलागिरि, चुरेन, पुँठा हिमचुली, माउन्ट पुथा हिमचुली, मुकोट हिमाल, डाँफे शैल, अरनिको चुलीलगायत पर्छन् ।

तर यस वर्ष चैत महिना सकिन लाग्दासमेत प्रशस्त हिउँ नपर्दा हिमालहरू कालो पहाडमा परिणत भइरहेका छन् । माथिल्लो डोल्पाका जनसमुदायको मुख्य जीविकोपार्जन पशुपालन तथा मौसमी खेती भए पनि विगत केही दशकदेखि यार्सागुम्बु पनि मुख्य आयस्रोत बनेको छ । तर यो वर्ष थोरै मात्रामा मात्रै हिउँ परेकाले स्थानीयहरू चिन्तित छन् ।

## अछामका आगलागी प्रभावितलाई सुदूरपश्चिम प्रदेश सरकारले ५० लाख सहयोग गर्ने

**धनगढी/मस-** सुदूरपश्चिम प्रदेश सरकारले अछामको बान्नीगढीजयगढ गाउँपालिकास्थित जयगढ बजारमा मंगलबार राति भएको आगलागी पीडितलाई तत्काल रु ५० लाख सहयोग गर्ने निर्णय गरेको छ ।



मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय धनगढीमा बुधबार बसेको प्रदेश विपद् जोखिम न्यूनीकरण तथा नियन्त्रण परिषद्को बैठकपछि मुख्यमन्त्री कमलबहादुर शाहले अछाममा आगलागी पीडित परिवार तथा व्यवसायीलाई प्रारम्भिक चरणमा रु ५० लाख सहयोग गर्ने निर्णय भएको जानकारी दिए ।

उनले भने, ‘सम्बन्धित पालिकाले स्पष्ट मापदण्ड तयार गरेर उक्त मानवीय सहायता रकम उपलब्ध गराउने निर्णय गरेका छौं, क्षतिको यकिन विवरण प्राप्त भएपछि थप सहयोग गर्नेछौं ।’

मुख्यमन्त्री शाहले जयगढ बजारमा भएको आगलागीबाट प्रभावित एवं पीडितलाई राहत र पुनर्निर्माणका लागि स्थानीय तह, नेपाल सरकार, संघसंस्था र दातृ निकायलाई सहयोगका लागि अपिल गरे ।

प्रदेश सरकारले आगलागी भएको क्षेत्रको स्थलगत अवस्था बुझ्नका लागि प्रदेशका सामाजिक विकासमन्त्री र आन्तरिक मामिला तथा कानुनमन्त्रीलाई खटाएको छ । अछाम सदरमुकाम मंगलसैनबाट उत्तरपूर्वी दिशातर्फ रहेको जयगढ बजारमा गए राति भएको आगालागिबाट दश कच्ची घर, १५ टिनका टहरा, दुई पक्की घर तथा एक सभाहल जलेर नष्ट भएको अछामका प्रमुख जिल्ला अधिकारी आनन्द सारुले जानकारी दिए ।

**कृषि विकास कार्यालय**
**मानभवन, ललितपुर, नेपाल**

**बोलपत्र आव्हानको सूचना**

**प्रथम पटक प्रकाशित मिति २०८१/१२/२८**
**ADO/LALITPUR/WORKS/NCB/01/081/82**

कृषि विकास कार्यालय, अन्तर्गत तपशिलमा उल्लेखित निर्माण कार्यका लागि बोलपत्र आह्वान गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रथम पटक प्रकाशित भएको मितिले ३० औ दिन १२:०० बजेभित्रमा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइट www.bolpatra.gov.np बाट Online E–biding गर्न सम्बन्धित सवैको जानकारिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| SN | Contract No. | Description of work | Estimated Amount (With Vat) | Bid Security |
|---|---|---|---|---|
| 1 | ADO/LALITPUR/ WORKS/NCB/01/081/82 | Mushroom Plant | 66,66,660/- | 1,70,000/- |

मध्यान्ह
www.madhyanhadaily.com
२८ चैत २०८१ बिहीबार
10 April 2025, Thursday

## सम्पादकीय

# आन्दोलनको अन्तर्य

नेपाली राजनीतिमा चैत–वैशाख महिनालाई विशेष रूपले हेर्ने गरिन्छ । राजनीतिकर्मी र विश्लेषकहरू यो सिजनसँग सतर्क हुने गरेका पाइन्छ । सत्तामा रहनेहरू त सधैं त्रसित हुन्छन् । विपक्षीमा रहने अथवा सत्तासँग प्रश्न गर्ने पंक्ति भने यो सिजनप्रति आशावादी हुने गरेका छन् । आधुनिक नेपाली राजनीतिमा यो सिजनको आफैंमा विशेष अर्थ छ । २००७ सालको राजनीतिक परिवर्तन ७ फागुनमा भएको थियो । २०४७ सालको पञ्चायतविरोधी आन्दोलन २६ चैमा सफल भएको थियो । २०६२/०६३ सालको जनआन्दोलन पनि २४ चैतदेखि नै उत्कर्षतिर बढेको थियो । व्यवस्था उल्ट्याउने कुरा पनि पुस–माघमै भएको देखिन्छ । त्यसैले, सत्तामा रहनेहरू यो सिजनसँग सशंकित हुने गर्छन् ।

केही वर्षयता यो सिजनप्रति राजनीतिक पंक्ति बढी नै सशंकित हुने गरेको छ । पूर्वराजा ज्ञानेन्द्र शाह र राजावादी राप्रपासमेत यही सिजनप्रति आशावादी देखिन्छन् । गत ६ फागुनमा ज्ञानेन्द्र शाहले भिडियो सन्देश सार्वजनिक गर्नुको अर्थ पनि सिजनलाई ख्याल गरिएकै रूपमा बुझ्न सकिन्छ । गत १५ चैतमा पूर्वराजाकै प्रोत्साहन पाएर दुर्गा प्रसाईं, नवराज सुवेदीसहितको नेतृत्वमा तीनकुने प्रदर्शन भयो । यद्यपि, त्यो प्रदर्शन हिंसात्मक बन्दा २ जनाको ज्यान गयो भने लुटपाट, तोडफोड, आगजनी जस्ता घटना भए । उक्त घटनापछि राजनीतिक पंक्ति तरंगित छ । राप्रपासहित राजावादीहरूले यो व्यवस्था उल्ट्याउने घोषणासहित चरणबद्ध आन्दोलन गरिरहेका छन् ।

सत्तारूढ नेकपा एमालेसहित विपक्षी दलहरू पनि सडक आन्दोलनमै छन् । सामाजिक एजेन्डा लिएर प्रदर्शन गर्नेहरू अनेक समूहमा छन् । देशभरका शिक्षकहरू आन्दोलनमा छन् । चिकित्सकहरू आन्दोलनमा छन् । सहकारी र लघुवित्तपीडितहरू आन्दोलनमा छन् । नेपाल पत्रकार महासंघको नेतृत्वमा प्रदर्शन चलिरहेको छ । नेताहरूको भाषण आन्दोलन केन्द्रित गतिविधिमै देखिन्छ । चेतावनीयुक्त भाषण गर्नेदेखि सडक प्रदर्शन गर्नेमा स्वयं प्रधानमन्त्री केपी शर्मा ओली पनि छन् । उनी नेतृत्वको एमाले प्रदेशस्तरीय सभा गरिरहेको छ । सत्तारूढ नै प्रदर्शनमा उत्रनुलाई एमाले नेताहरूले व्यवस्थाको रक्षार्थ भनेका छन् । तर, नेतृत्वले बुझ्नुपर्ने तथ्य भनेको आन्दोलन उठ्ने कुनै महिनाको कारणले होइन । पक्कै वर्षायामभन्दा तुलनात्मक रूपले हिंउदमा आन्दोलन सजिलो पर्छ । तर, सेवा प्रवाह, सामाजिक न्याय र आर्थिक समृद्धिलाई ध्यान दिने हो भने व्यवस्थाप्रति चिन्ता गरिरहनुपर्दैन । सानोतिनो आन्दोलन त लोकतन्त्रको उपहार पनि हो । सरकारलाई जबाफदेही बनाउने विधि पनि हो ।

# नवउदारवाद : प्रभाव र परिणाम

*नवउदारवादले अल्पकालीन नाफा र आर्थिक वृद्धिलाई प्राथमिकता दिएर दीर्घकालीन सामाजिक, आर्थिक र पर्यावरणीय समस्याहरूलाई उकास्ने प्रवृत्ति देखाएको छ...*

अग्रलेख



● राजन तिमिल्सिना

नवउदारवादले पुँजीवादी असमानता, शोषणकारी समाज, सामाजिक असमानता, सार्वजनिक सम्पत्तिको निजीकरण, श्रमिकहरूको अधिकार हनन र पर्यावरणीय विनाशलाई प्राथमिकता दिन्छ । नवउदारवादलाई आर्थिक प्रणाली मात्र नभई राजनीतिक, सामाजिक र सांस्कृतिक व्यवस्थामा ठूलो परिवर्तन ल्याउने विवादास्पद विचारधारा भनेर चित्रण गरिन्छ । नवउदारवादले अल्पकालीन नाफा र आर्थिक वृद्धिलाई प्राथमिकता दिएर दीर्घकालीन सामाजिक, आर्थिक र पर्यावरणीय समस्याहरूलाई उकास्ने प्रवृत्ति देखाएको छ ।

यसले असमानता, शोषण र अस्थिरता उत्पन्न गरेर समाजलाई गम्भीर संकटमा पार्न सक्छ । नवउदारवादविरुद्ध विभिन्न समाजशास्त्री, अर्थशास्त्री र राजनीतिक चिन्तकहरूले आलोचना गरेका छन् । उनीहरूले यसका नकारात्मक प्रभावलाई विभिन्न दृष्टिकोणबाट औंल्याएका छन् ।

डेविड हार्वेद्वारा लेखिएको 'अ ब्रिफ हिस्टोरी अफ न्यु लिबरलाइजेसन' पुस्तकमा नवउदारवादले केन्द्रीय रूपमा धनी र शक्तिशाली वर्गको हितलाई संरक्षण गरेको, कमजोर वर्ग र समाजमा व्यापक असमानता र अस्थिरता निम्त्याएको कुरालाई उल्लेख गरिएको छ ।

यस्तै, नोम चोम्स्कीले नवउदारवादलाई 'मानव जातिको विरुद्धको नीतिगत षडयन्त्र' भनी परिभाषित गरेका छन् । उनका अनुसार नवउदारवादले लोकतन्त्रलाई कमजोर बनाउँदै सार्वजनिक सेवाहरू नष्ट गर्छ र मानिसहरूलाई उपभोक्ताका रूपमा मात्र व्यवहार गर्छ ।

थोमस पिकेट्टी आफ्नो पुस्तक 'क्यापिटल इन द ट्वान्टी फस्ट सेन्चुरी'मा नवउदारवादले आर्थिक वृद्धिमा भन्दा धनी वर्गलाई झन् धनी बनाउने वित्तीय प्रणालीको निर्माण गरेको कुरा उल्लेख गरेका छन् । उनका अनुसार यो प्रणालीले दीर्घकालीन सामाजिक र आर्थिक स्थिरतालाई जोखिममा पारेको छ ।

अर्का सिद्धान्तकार हार्वेले नवउदारवादलाई एक आर्थिक दर्शनका रूपमा परिभाषित गर्छन्, जसले मुक्त बजार, निजीकरण र राज्यको न्यूनतम भूमिकालाई प्रोत्साहन गर्छ । उनले नवउदारवादलाई पुँजीवादको नयाँ रूप भनेर चित्रण गरेका छन् । हार्वेले नवउदारवादको सुरुवात सन् १९७० को दशकमा आर्थिक संकटपछि भएको बताउँछन् ।

नवउदारवादले वैश्वीकरणलाई कसरी प्रोत्साहन गर्‍यो र यसले विश्वव्यापी रूपमा श्रमिक, विकासोन्मुख देशहरू र प्राकृतिक स्रोतहरूलाई कसरी प्रभावित गर्‍यो भन्नेमा ध्यान केन्द्रित गरिएको छ । हार्वेले नवउदारवादले आर्थिक असमानता, सामाजिक अन्याय र राजनीतिक अस्थिरतालाई बढावा दिएको तर्क गरेका छन् । उनले नवउदारवादलाई सत्तावादी झुकाव भएको भन्दै लोकतान्त्रिक प्रक्रियालाई कमजोर बनाएको आरोप लगाएका छन् ।

हार्वेले पुस्तकको अन्त्यमा नवउदारवादको असफलताका बारेमा चर्चा गर्दै आर्थिक प्रणालीको न्यायपूर्ण र समानतामा आधारित विकल्पहरू आवश्यक भएको तर्क गरेका छन् । उनको दृष्टिकोणमा नवउदारवादले केन्द्रीय रूपमा धनी र शक्तिशाली वर्गको हितलाई संरक्षण गरेको छ, जबकि कमजोर वर्ग र समाजमा व्यापक असमानता र अस्थिरता निम्त्याएको छ ।

नवउदारवादलाई सन् १९७० को दशकमा देखिएको पुँजीवादी संकट (जस्तै : नाफा दरमा गिरावट, आर्थिक मन्दी र श्रम आन्दोलनको प्रभाव) समाधान गर्ने प्रयासको रूपमा हेरिन्छ । यसले श्रमिक वर्गबाट सम्पत्ति झिकेर पुँजीपति वर्गमा केन्द्रित गर्ने रणनीति अपनाउँछ ।

नवउदारवादले राज्यलाई बजारलाई सहयोग पुर्‍याउने साधनको रूपमा प्रयोग गर्छ । मार्क्सवादी दृष्टिकोणले यसलाई 'राज्यको पुनर्संरचना'को रूपमा व्याख्या गर्छ, जहाँ राज्यले निजीकरण, श्रमको लचिलोपन र सार्वजनिक सेवाको बजारीकरणलाई प्रवर्द्धन गर्छ ।

नवउदारवादका माध्यमबाट विकासशील राष्ट्रहरूलाई अनुकूल बनाउन, तिनीहरूको स्रोतमा पहुँच गर्न र तिनीहरूको श्रम शक्ति सस्तोमा प्रयोग गर्न खोजिन्छ । यसलाई साम्राज्यवादको नयाँ रूपका रूपमा बुझिन्छ ।

### नवउदारवादका परिणामहरू

नवउदारवादले ट्रेड युनियन, सामूहिक सौदाबाजी र सामाजिक सुरक्षा प्रणालीलाई कमजोर बनाउँदै श्रमिक वर्गलाई थप असुरक्षित बनाउँछ । यसले 'आरक्षण सेना'का रूपमा बेरोजगारहरूको संख्या बढाएर श्रमिक वर्गमाथि नियन्त्रण बलियो बनाउँछ ।




नवउदारवादले आर्थिक असमानतालाई थप बढाउने संरचना निर्माण गर्छ । मार्क्सवादी दृष्टिकोणले यसलाई श्रम र पुँजीबीचको द्वन्द्वलाई गहिरो बनाउने प्रक्रियाको रूपमा व्याख्या गर्छ ।

नवउदारवादलाई मार्क्सवादी दृष्टिकोणबाट आलोचना गर्दा यसलाई पुँजीवादको एक चरणको रूपमा हेर्ने गरिन्छ, जसले श्रम वर्गको शोषणलाई तीव्र बनाउँदै सामाजिक असमानतालाई थप गहिरो बनाउँछ ।

मार्क्सवादी दृष्टिकोणअनुसार नवउदारवादले श्रम बजारलाई लचिलो बनाउनका लागि ट्रेड युनियनहरूको शक्तिलाई कमजोर बनाउँछ, श्रमिकको हक–अधिकारलाई कटौती गर्छ र बेरोजगारीलाई बढाउँछ । यसले श्रम वर्गको शोषणलाई अझ बढी सघन बनाउँछ ।

यो विशुद्ध पुँजीपतिहरूले नाफा बढाउन अपनाएको रणनीति हो । यसले सार्वजनिक सेवाहरूको निजीकरण गर्दै तिनलाई बजारको अधीनमा राख्छ, जसले आधारभूत सेवाहरूलाई श्रमिक वर्गका लागि पहुँचयोग्य बनाउन असफल बनाउँछ ।

नवउदारवादले श्रमिक वर्ग र पूँजीपति वर्गबीचको असमानतालाई तीव्र बनाउँछ । श्रमिकको तलब र सुविधा घट्छ, जबकि पुँजीपति वर्गको सम्पत्ति अभूतपूर्व रूपमा बढ्छ । यसले 'धनी अझ धनी र गरिब अझ गरिब' बनाउने प्रणाली निर्माण गर्छ । मार्क्सवादी आलोचनाअनुसार नवउदारवादले राज्यलाई पुँजीको सेवकको रूपमा पुनर्संरचना गर्छ । राज्यले श्रमिक वर्गको अधिकारलाई संरक्षण गर्नुभन्दा पुँजीवादी नीतिहरू कार्यान्वयन गर्न प्राथमिकता दिन्छ ।

नवउदारवादले विकासशील देशहरूलाई 'नयाँ साम्राज्यवाद'अन्तर्गत ल्याउँछ । बहुराष्ट्रिय कम्पनीहरू र अन्तर्राष्ट्रिय संस्थाहरू (जस्तै : विश्व बैंक र आईएमएफ)को दबाबमा विकासशील देशहरूको स्रोत दोहन गरिन्छ । यो प्रक्रिया औपनिवेशिक शोषणको आधुनिक रूप हो ।

सँगै, नवउदारवादले नाफा बढाउनका लागि प्राकृतिक स्रोतको दोहनलाई तीव्र बनाउँछ । यसको परिणामस्वरूप पर्यावरणीय संकट बढ्छ, जसले श्रमिक वर्ग र गरिबहरूलाई बढी असर गर्छ ।

नवउदारवादले शिक्षा, स्वास्थ्य र आवास जस्ता आधारभूत मानवीय आवश्यकताहरूलाई बजारको वस्तुमा रूपान्तरण गर्छ । यसले श्रमिक वर्गलाई यी सेवाहरू खरिद गर्न अक्षम बनाउँछ । सँगै, पुँजी र श्रमबीचको द्वन्द्वलाई अझ गहिरो बनाउँछ । सामाजिक सुरक्षा प्रणाली हटाएर श्रमिक वर्गलाई थप असुरक्षित बनाइन्छ, जसले वर्ग संघर्षलाई थप उग्र बनाउने सम्भावना बढाउँछ ।

मार्क्सवादी दृष्टिकोणबाट हेर्दा, नवउदारवाद पुँजीवादको एक यस्तो चरण हो, जसले समाजको ठूलो वर्गलाई शोषण गरेर थोरै पुँजीपतिलाई फाइदा पुर्‍याउँछ । यो प्रणाली अन्ततः अस्थिर छ र यसले वर्ग संघर्ष र क्रान्तिको सम्भावना बढाउँछ ।

### नवउदारवाद नकारात्मक प्रभाव

नवउदारवादको प्रयोगले विश्वव्यापी रूपमा देखिएका नकारात्मक प्रभावहरू प्रायः सामाजिक, आर्थिक र पर्यावरणीय आयाममा गहिरो असर पार्ने खालका छन्, जसमाथि यहाँ केही चर्चा गर्ने प्रयास गरिएको छ ।

नवउदारवादले धनको वितरण असमान बनाउँछ, जसमा धनी वर्ग

*नवउदारवादले श्रम बजारलाई लचिलो बनाउनका लागि ट्रेड युनियनहरूको शक्तिलाई कमजोर बनाउँछ, श्रमिकको हक–अधिकारलाई कटौती गर्छ र बेरोजगारीलाई बढाउँछ । यसले श्रमिक वर्गको शोषणलाई अझ बढी सघन बनाउँछ...*

झन् धनी बन्छ, जबकि श्रमिक वर्ग गरिबीमा फस्छ । न्यूनतम ज्याला कटौती, बेरोजगारीको वृद्धि र श्रम अधिकार कमजोर हुनुले श्रमिक वर्गलाई असुरक्षित बनाउँछ । स्वास्थ्य, शिक्षा र अन्य सार्वजनिक सेवाहरूको निजीकरणले गरिब वर्गको पहुँच गुमाउँछ । निजीकरणको नीतिले आधारभूत सेवाहरूको गुणस्तर घटाउँदै तिनलाई मुनाफामुखी बनाउँछ ।

सँगै, आर्थिक अवसरहरूको असमान वितरण गरेर समाजमा गरिबीको चक्रलाई मजबुत बनाउँछ । नवउदारवादले उत्पन्न गरेको असमानताले श्रमिक वर्गमा असन्तोष र वर्ग संघर्षलाई तीव्र बनाउँछ । यसले उद्योगका नाममा प्राकृतिक स्रोतहरूको अत्यधिक दोहन गराउँछ । वातावरणीय नियमहरूको कमजोर कार्यान्वयनले कार्बन उत्सर्जन र पर्यावरणीय क्षतिलाई बढाउँछ । यसैगरी, विकासशील देशका स्रोतहरूलाई कम मूल्यमा खरिद गरी ती देशहरूलाई आर्थिक रूपमा कमजोर बनाउने प्रयास गरेको हुन्छ । आईएमएफ र विश्व बैंक जस्ता संस्थाको नवउदारवादी नीतिले गरिब देशहरूलाई ऋणको जालोमा फसाउँछ ।

नवउदारवादी नीतिहरूले श्रमिकको हक–अधिकारलाई कटौती गर्दै न्यूनतम ज्याला र लामो कार्यघण्टालाई प्रोत्साहन गर्छन् । सामाजिक सुरक्षा प्रणालीलाई कमजोर बनाएर श्रमिक वर्गलाई जोखिममा राख्छ । शिक्षा, स्वास्थ्य र पानी जस्ता आधारभूत आवश्यकताहरूलाई वस्तुमा रूपान्तरण गरेर तिनलाई नाफामुखी बनाउँछ ।

नवउदारवादले सांस्कृतिक साम्राज्यवादलाई बढावा दिँदै स्थानीय पहिचान र परम्परालाई कमजोर बनाउँछ । बहुराष्ट्रिय कम्पनीहरूको प्रभावलाई बढाएर सरकारहरूलाई कमजोर बनाउँछ । राजनीतिमा पुँजीपति वर्गको प्रभुत्व बढाउँछ, जसले गरिब वर्गको आवाजलाई दबाउँछ ।

नवउदारवादले अल्पकालीन नाफा र आर्थिक वृद्धिलाई प्राथमिकता दिएर दीर्घकालीन सामाजिक, आर्थिक र पर्यावरणीय समस्याहरूलाई उकास्ने प्रवृत्ति देखाएको छ । यसले असमानता, शोषण र अस्थिरता उत्पन्न गरेर समाजलाई गम्भीर संकटमा पारेको छ ।

## इतिहासमा आज

१० अप्रिल १८४५ मा पिटसबर्गमा आगलागीका कारण १ हजारभन्दा बढी भवनहरू ध्वस्त भएका थिए ।



१० अप्रिल १८२७ मा जर्ज क्यानिंग ब्रिटिस प्रधानमन्त्री बनेका थिए ।



१० अप्रिल २०१६ मा केरलाको पुट्टिंगल मन्दिरमा आतिसबाजी विस्फोटका कारण १०० भन्दा बढी व्यक्तिको मृत्यु भएको थियो ।



१० अप्रिल १९३८ मा अस्ट्रिया जर्मनीको राज्य भएको थियो ।



# भूमिको स्वामित्वमाथि प्रश्न

विचार



● ज्योतिलाल वन

*भूमिमा व्यक्तिको होइन, राज्यको स्वामित्व हुनुपर्छ भन्ने मान्यता शास्त्रीय मार्क्सवादमा आधारित मान्यता हो । यो निरपेक्षित होइन, सापेक्षित मान्यता हो । तर, नेपालको सापेक्षतामा यो मान्यता (व्यवस्था) लागू हुन सक्ने सम्भावना देखिँदैन...*

हिंस्रक जन्तुहरूको सिकार भएर, औलोलगायतका असाध्य रोगको सामना गरेर, रूखहरू ढाल्दा त्यसबाट थिचिएर, भीरबाट लडेर आदि जस्ता अत्यन्त कठिन र जोखिम अवस्थाहरूको सामना गरेर जसले भूमिको आवाद गरे, जसले पुस्तौंदेखि रगत र पसिना बगाएर कृषि उत्पादन गर्दै आए तर विडम्बना ! आज उनीहरूसँग नै भूमिको अधिकार छैन ।

न ती आवाद तथा उत्पादनकर्ता कृषि श्रमिकसँग आफ्नो नामको भूमि छ, न त तिनले उत्पादन गरेको कृषि उत्पादनको उपभोग नै गर्न पाएका छन् । बस् ! ती त कृषि श्रमिकले पाउनुपर्ने भूमिमा कब्जा जमाएका गैरकृषक भूस्वामीहरूको भकारी भरिदिने कृषि श्रमिक मात्र बन्दै आएका छन् ।

त्यसरी आवाद गरिएको र कृषि उत्पादन गर्दै आइएको भूमिको अत्यधिक स्वामित्व तथा उत्पादनको ठूलो हिस्सा ती मानिसहरूले कब्जा जमाउँदै आए, जसले आवादीदेखि उत्पादन कार्यसम्ममा कुनै श्रम गरेका छैनन् । यस्तो परम्परा केही परिमार्जित र परिवर्तित किसिमले अद्यावधि जारी रहँदै नै आएको छ ।

राज्यसत्ताका रूपहरू परिवर्तन हुँदै यतिबेलासम्म आइपुग्दा नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रमा आइपुगेको भए पनि भूस्वामित्वको त्यो रूप यथावत् छ । भूमिको वास्तविक स्वामी हुनुपर्ने श्रमिकहरू त्यो अधिकारबाट बञ्चित रहेकै छन् ।

यस बखत विगतका झैं ठूला सामन्त (बिर्तावाल, जमिनदार आदि)हरू दृश्यमा छैनन् तर पेसा परिवर्तन गरेका तिनकै सन्तान वा तिनकै मतियारहरूको स्वामित्वमा रहेको छ, अधिकांश उर्वरक भूमि । राज्यसत्तामा रहेकाहरू त्यस्तै वर्गका छन् वा त्यस्तै वर्गको हित रक्षकहरू छन् ।

भूमिमा व्यक्तिको होइन, राज्यको स्वामित्व हुनुपर्छ भन्ने मान्यता शास्त्रीय मार्क्सवादमा आधारित मान्यता हो । यो निरपेक्षित होइन, सापेक्षित मान्यता हो । तर, नेपालको सापेक्षतामा यो मान्यता (व्यवस्था) लागू हुन सक्ने सम्भावना देखिँदैन ।

यसैगरी यदि यसो गर्ने नै हो भने अन्ततः अनेकौं नाम (कृषिको औद्योगीकीकरण, विभिन्न उद्योग व्यवसायमा भूमिको प्रयोग, सामूहिक कृषि फार्म आदि)मा आधिपत्य जमाउने र मालिक हुने त्यही वर्ग हुने छ, जो विगतदेखिकै ठूलो भूस्वामी वा वर्तमानमा सत्ता र शक्तिमा पहुँच पुर्‍याएको हुने छ । जो वास्तविक भूमिको मालिक हुनु पर्ने हो, ऊ फेरि पनि तिनै मालिकहरूको खटनमा श्रम गर्ने श्रमिकभन्दा बढी बन्न पाउने छैन ।

कालान्तरमा यदि राज्यसत्ताले पूर्वसामन्त, भ्रष्ट र दलाल प्रवृत्तिका पुँजीपतिहरूको अधिपतित्वबाट मुक्ति पायो भने त्यो अवस्थामा भूमिलाई 'राज्यकरण' गर्न सकिने छ तर अहिले होइन ।

नेपालका सन्दर्भमा अहिले गैरकृषक भूस्वामीहरूबाट भूमि अधिग्रहण गरेर कृषि श्रमिकहरूमा न्यायोचित वितरण गर्नु र उन्नत प्रविधिबाट खेती प्रणालीको विकास गर्नु नै आवश्यक र उचित देखिन्छ ।

यसरी भूमिको न्यायोचित वितरण गरिसकेपछि सामूहिक कृषि उत्पादन (कलेक्टिक फार्मिङ)को अभियान चलाउन सकिन्छ । यद्यपि, हालसम्म यो कोणबाट सोचिएको पाइँदैन । कार्यान्वयनको पाटो अझ टाढा देखिन्छ ।

## सामाजिक सञ्जाल



डम्बर खतिवडा

राजतन्त्रवादी हाउगुजी र हिंसाको फाइदा अन्ततः ओली–देउवातन्त्रलाई भयो । यिनको अतिदलीयकरण, अक्षमता, कुशासन र भ्रष्टाचारविरुद्ध जनअसन्तोष केन्द्रित थियो । राजावादी हौवा तिनका लागि यसबाट बच्ने रक्षा कवच जस्तो बन्यो । प्रतिगामी यथास्थितिवादका निःशुल्क सेवक हुन् भनिएको यस्तै अवस्थालाई हो ।

शिक्षक आन्दोलन लामो समयदेखि शिक्षकमाथि भएको असमान विभेदकारी नीतिविरुद्ध उर्लेको आन्दोलन हो । सरकारले शिक्षकको माग सम्बोधन हुनेगरी तत्काल विधेयक ल्याउन आन्दोलनरत शिक्षकसँग वार्ता गरौं, नयाँ शैक्षिक सत्रको पठनपाठन अवरुद्धबाट जोगाऔं र शिक्षकको जायज मागलाई पूरा गर्न ढिलो नगरौं ।



सेतेमान तामाङ



ओमकुमार थापा

संघीयता र समानुपातिक निर्वाचन प्रणाली तथा भ्रष्टाचार र कुशासनबाट जनता वाक्क दिक्क भइसकेका छन् । पूर्वपञ्चको गन्ध बोकेको राप्रपाका राजतन्त्रबाहेकका अन्य मागहरू जायज छन् । अब मूलधारका पार्टीहरूले समेत जनताको चासो र आवाजलाई नजरअन्दाज गरे इतिहासमा विलीन हुने दिन नआउला भन्न सकिन्नँ ।

ऊर्जा, इन्धन शक्ति त आवश्यकताअनुसार तत्तत् ठाउँमा मात्र प्रयोग गर्ने अँध्यारोलाई उज्यालो बनाउने हो जस्तो लाग्छ । सबैलाई त्यो चिन्तन मनन नहुँदो रहेछ कि सधैंभरि दीपावली मनाइरहूँ जस्तो बालिरहने सोख हुँदो रहेछ । लोडसेडिङ नहोस्, कहिल्यै ननिभोस् नेपालमा ज्योतिर्मय !



प्रेमकान्त अधिकारी

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । – सं.

# अर्घाखाँची पाणिनीको जन्मभूमि, ध्यानभूमि र ज्ञानभूमि हो : प्रधानमन्त्री ओली

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, २७ चैत

प्रधानमन्त्री केपी शर्मा ओलीले अर्घाखाँचीलाई ध्यान, ज्ञान र देवभूमिको रूपमा परिभाषित गर्दै सोही भूमिबाट विश्वव्यापी ज्ञानको सुरुवात भएको बताए । अर्घाखाँचीमा आयोजित 'पाणिनी तपोभूमि सम्मेलन'को उद्घाटन समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले पाणिनीको जन्मस्थान अर्घाखाँची भएकोमा कुनै शंका नरहेको प्रस्ट पारे । 'यो भूमि पावन छ, पुण्य छ, देवभूमि हो, यहाँबाटै ज्ञानको सुरुवात भयो, प्रधानमन्त्री ओलीले भने', 'विश्वका व्याकरणका पिता पाणिनि यही भूमिमा जन्मनु भएको हो, अरु सबै व्याकरणहरूले पाणिनीको सूत्रलाई आधार मानेका छन् ।'

प्रधानमन्त्री ओलीले पाणिनीको योगदान असाधारण रहेको उल्लेख गर्दै अष्टाध्यायीमार्फत् संस्कृत व्याकरणको ३ हजार ९ सय ५९ सूत्र निर्माण गरिएको र ती सूत्रहरू आजको आधुनिक प्रविधि, विशेषगरी कृत्रिम बौद्धिकता (एआई) विकासमा समेत प्रयोग भैरहेको बताए । 'पाणिनीको व्याकरणपछि भाषा सरल बन्दै गयो, छन्दको सुरुवातसँगै संगीत र लयको विकास भयो', उनले भने ।



उनले पाणिनिले मात्र नभई शिव, सिंह ऋषि, पतञ्जली र अन्य महर्षिहरूको तप, साधना, योग, आयुर्वेद र ज्ञान साधनाको केन्द्र भएको यस भूमिलाई समुचित प्रचारप्रसार गरी धार्मिक तथा पर्यटकीय स्थलको रूपमा विकास गर्ने जिम्मा सरकारले लिने बताए । नेपाल सरकारले यस क्षेत्रको विकासको लागि ध्यान दिएको दिएको बताउँदै उनले धार्मिक र पर्यटकीय स्थलको रूपमा विकास गर्न जोड दिने बताए । पाणिनीको जन्म पाकिस्तानमा भएको भन्ने भ्रम मात्रै भएको प्रधानमन्त्री ओलीको भनाइ थियो । 'ऋषिहरू ध्यान र तपस्याको लागि उपयुक्त भूमि खोज्थे, व्याकरण बनाउन सजिलो ठाउँ हेरेर गएका होइनन्, शिवका डमरुको ध्वनि सुनेर व्याकरण सृजना गर्ने पाणिनीको साधना यहीँ भएको हो', उनले भने ।

# शिक्षकको आन्दोलनप्रति एन-प्याब्सनद्वारा ध्यानाकर्षण

**काठमाडौं/मस–** राष्ट्रिय निजी तथा आवासीय विद्यालय एसोसिएसन नेपाल (एन-प्याब्सन) ले सामुदायिक विद्यालयका शिक्षक तथा विद्यालय कर्मचारीहरूको आन्दोलनप्रति ध्यानाकर्षण गराएको छ । शिक्षक महासंघको आह्वानमा चैत २० गतेदेखि माइतीघर-बानेश्वर सडकखण्डमा निरन्तर जारी आन्दोलनले विद्यालय शिक्षामा असर पारिरहेको भन्दै एन-प्याब्सनले शिक्षासँग प्रत्यक्ष सरोकार राख्ने सबै पक्षलाई यस विषयप्रति गम्भीर बन्न आग्रह गरेको छ ।

शिक्षकहरुले विद्यालय शिक्षा ऐन जारी गर्नुपर्ने, सेवा सुरक्षा सुनिश्चित हुनुपर्ने लगायतका माग राख्दै आन्दोलन चर्काएका छन् । यसका कारण सामुदायिक विद्यालयहरूमा पठनपाठन ठप्प भएको र त्यसले विद्यार्थीहरूको सिकाइमा दीर्घकालीन असर पार्न सक्ने भन्दै एन-प्याब्सनले चिन्ता व्यक्त गरेको छ । एन-प्याब्सनका अध्यक्ष गीता राणा क्षेत्रीले शिक्षकमाथिको कुनै अवहेलना स्वीकार्य नहुने जनाउँदै शिक्षकहरूको योगदानप्रति सम्मान व्यक्त गर्नु पर्ने बताइन् । उनले जायज मागहरूबारे गम्भीर छलफल र वार्ताबाट समाधान खोजिनुपर्नेमा जोड दिएकी छन् ।

# 'नयाँ शैक्षिक सत्र सुरु हुनुअघि नै देशभरका विद्यालयमा पाठ्यपुस्तक'

**काठमाडौं/मस–** जनक शिक्षा सामग्री केन्द्र लिमिटेडले शैक्षिकसत्र २०८२ को पठनपाठन सुरु हुनुअघि नै देशभरका विद्यालयमा पाठ्यपुस्तक पुऱ्याउन आवश्यक प्रबन्ध गरेको जनाएको छ ।



केन्द्रका प्रबन्धक निर्देशक यदुनाथ पौडेलले विद्यालय तहको नयाँ शैक्षिकसत्रका लागि छपाइ गर्नुपर्ने एक करोड ७० लाख ५० हजार थान पाठ्यपुस्तक (अंग्रेजीमा अनुवादितसमेत) केन्द्रीय कार्यालय र मातहतका प्रादेशिक कार्यालयहरूबाट तालिकाबद्ध रूपमा बिक्रीवितरणको व्यवस्था गरिएको जानकारी दिए ।

यही चैत १२ गतेदेखि बिक्रीवितरण खुला गरी देशका ७७ वटै जिल्लाका सूचीकृत बिक्रेताहरूमार्फत शैक्षिक सत्र सुरु हुनुअगावै सम्बन्धित विद्यालयहरूमा पुऱ्याउन पहल भएको उनले बताए । 'हामीले पठनपाठन सुरु हुनुअघि नै विद्यालयमा पाठ्यपुस्तक पुऱ्याउन सम्पूर्ण तयारी गरिसकेका छौं । कथम्कदाचित् विद्यालयमा पाठ्यपुस्तक नपुगेको र विद्यार्थीले प्राप्त नगरेको गुनासो आएमा तुरुन्त केन्द्रीय कार्यालय तथा प्रादेशिक कार्यालयहरूमा सम्पर्क गर्न आग्रह छ,' उनले भने ।

हालसम्म देशभरका नौ वटा कार्यालयबाट ६४ लाख ७६ हजार ८५० थान पुस्तक बिक्रिवितरण गरिसकिएको केन्द्रले जनाएको छ । केन्द्रका अनुसार केन्द्रीय कार्यालयबाट १२ लाख तीन हजार १३४, कोशी प्रदेश कार्यालय विराटनगरबाट सात लाख ३८ हजार ६८१, मधेसको जनकपुरबाट चार लाख ९४ हजार १४२, बागमतीको भरतपुरबाट छ लाख २६ हजार ४३८, गण्डकीको पोखराबाट पाँच लाख ३२ हजार ३२४, लुम्बिनीको बुटवलबाट नौ लाख नौ हजार ६५८, कर्णालीको सुर्खेतबाट तीन लाख ६५ हजार ८०४, सुदूरपश्चिमको धनगढीबाट सात लाख ५० हजार १७ र प्रादेशिक प्रेस नेपालगञ्जबाट आठ लाख ५६ हजार ६५२ थान पुस्तक बिक्रीवितरण भइसकेका छन् ।

# नारायणी नदीमा बेपत्ता दिदीभाइको शव फेला

**नवलपुर/मस–** मंगलबार साँझ नारायणी नदीमा डुबेर बेपत्ता भएका दुई जना दिदीभाइको शव फेला परेको छ । नवलपरासी (बर्दघाट-सुस्तापूर्व)को गैंडाकोट-१ स्थित ब्रिटिश क्याम्प नजिकै नारायणी नदीमा डुबेर बेपत्ता भएका उनीहरुको शव बुधबार दिउँसो सोही स्थानमा फेला परेको हो ।

नदीमा बेपत्ता भएका गैंडाकोट-१ का विष्णु सेर्पुञ्जाकी १३ वर्षीया छोरी दीक्षा र नौ वर्षीय छोरा स्वपनिलको शव बुधबार सशस्त्र प्रहरी बल १७ नम्बर गण भरतपुरबाट खटिएको गोताखोरको टोलीले फेला पारेको हो ।

इलाका प्रहरी कार्यालय गैंडाकोटका निमित्त प्रमुख प्रहरी नायब निरीक्षक सानुकाजी विष्टले उनीहरु डुबेको ठाउँ नजिकै दिदीभाइको शव फेला परेको जानकारी दिए ।

## प्रदेश सरकार
**पर्यटन, वन तथा वातावरण मन्त्रालय**
**वन निर्देशनालय**
**डिभिजन वन कार्यालय उदयपुर (त्रिवेणी)**
**कटारी, उदयपुर**

### काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना २१ दिने सूचना

**सूचना प्रकाशन मिति : २०८१/१२/२८ गते**

श्री नमूना माध्यमिक विद्यालय मुर्कुची, रौतामाई-७, उदयपुरको नाममा दर्ता श्रेस्ता कायम रहेको डिल्लीवर ८/६, कि.नं. ९४ र ९६ भित्र रहेको खयर रुख थान ३८ कटान मुछान गर्दा उत्पादित गोलिया काठको पलांस सहितको मुल्यांकन तालिका ।

| सि नं | जात | गोलिया थान | परिमाण क्युफिट | राजस्व दररेट (प्रति क्युफिट) | जम्मा मूल्य रु | संकलन खर्च रु | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | खयर | ५७९ | ३४५.०९ | १,०००/- | ३,४५,०९०/- | २५,८८२/- | |


## शाखा प्रमुखबाट हटाईएको बारे सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त **R.B. Overseas Pvt. Ltd. (इजाजत पत्र नं. ७७२/०६५/०६६)** कास्की जिल्ला पोखरा महानगरपालिका-९ मा संचालन रहेको शाखा कार्यलयका शाखा प्रमुख कास्की जिल्ला रुपा गाउँपालिका वडा नं. ५ स्थायी ठेगाना भई हाल पोखरा महानगरपालिका वडा नं. ९ बस्ने **श्री रविराज घिमिरे** (ना.प्र.नं. १६०५६०) लाई परिवर्तन गरी पाउँ भनी बैदेशिक रोजगार विभागमा निवेदन पेश गरेकोले सो सम्बन्धमा कोही कसैको हक स्वामित्व तथा लेना देना असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र सबुत प्रमाण सहित बैदेशिक रोजगार विभाग वा यस प्रा. लि. को कार्यालयमा सम्पर्क गर्नुहुन सबैको जानकारीको लागि यो सार्वनिक सूचना प्रकाशित गरिएको छ । साथै यस प्रा.लि.को पोखरा शाखाको प्रमुखको रुपमा निज रविराज घिमिरे सँग बैदेशिक रोजगार सम्बन्धी कुनै पनि आर्थिक कारोवार नगर्न/नगराउन हुन समेत यसै सूचना द्वारा सबैमा जानकारी गराईन्छ । यदि कसैले गरेको भए यस प्रा. लि. जवाफदेही नहुने समेत सबैमा जानकारी गराउदछौं ।

**R. B. OVERSEAS PVT. LTD.** Lic No. 772/065/066
Samakhushi, Kathmandu, Tel.: 01-4971215, 4971043
Email : rboverseasnepal@gmail.com


## अधिकृत वारेसनामा वदर गरिएको सूचना

तपाई रामभक्त श्रेष्ठको छोरा का.जि. रामकोट गाविस वडा नं ७ परिवर्तित का.जि. नागार्जुन न. पा. वडा नं ६ बस्ने वर्ष ४० को **नारायण श्रेष्ठ**लाई म सम्झना घिमिरेले **का.जि. डांडापौवा, रामकोट गाविस वडा नं ८ कि.न. ९४६ क्षेत्रफल ०-३-२-० (१११.२७ वर्गमी) संयुक्त नाउमा रहेको जग्गा** मध्ये मेरो हकहिस्सा जति जग्गा जो सुकै व्यक्तिलाई राजीनामाको व्यहोराले विकी एवं हकहस्तान्तरण गर्न भनी मिति २०८१/०९/२५ मा श्री काठमाण्डौ जिल्ला अदालत मार्फत अधिकृत वारेसनामा दिएकामा तपाईले मेरा विरुद्धमा अहित हुने गरी साजिस गरी रहेको जानकारी भएको र सो जग्गा हाल बिकी गर्न पर्ने आवस्यक्ता समेत नरहेको हुदा तपाईलाई दिएको उक्त अधिकृत वारेसनामा मुलुकी देवानी कार्यविधि संहिता ०७४ को दफा १५५ का आधारमा बदर गरी अन्त्य गरीदिएको छ । अब आइन्दा उल्लेखित अधिकृत वारेसनामामा उल्लेखित जग्गा विक्री वितरण एवं हकहस्तान्तरण नगर्नु होला । अन्यथा कानून बमोजिम तपाई जिम्मेवार हुने व्यहोरा सूचित गर्दछु ।

**भवदिय**

रामभक्त श्रेष्ठकी बुहारी नारायण श्रेष्ठकी पत्नी मकवानपुर जिल्ला साविक छतिवन गाविस वडा नं ५ को परिवर्तित बकैया गा.पा. वडा नं ४ माइती घर भै का.जि. नागार्जुन न.पा वडा नं ६ घर भै हाल विदेश जापान बस्ने सम्झना घिमिरे ।

**इति सम्बत ०८१ साल चैत्र महिना २६ गते रोज ३ शुभम्**

## दावी विरोध सम्बन्धी
## बैदेशिक रोजगार विभाग काठमाडौंको सूचना

प्रकाशित मिति: २०८१/१२/२८ गते

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजतपत्र प्राप्त संस्था **श्री Real Resource Management Pvt. Ltd (इ.प्र.नं. ६२८/०६३/०६४)** को साविकको ठेगाना काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ४ बाट स्थनान्तरण गरी काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ०३ कायम गर्न माग भई आएकोले उक्त प्रा. लि. को माग बमोजिम साविकको ठेगाना परिवर्तन गर्दा कोहि कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र सबुद प्रमाण सहित बैदेशिक रोजगार विभागको संस्था दर्ता शाखामा उजुरी/निवेदन पेश गर्नु हुन अनुरोध छ । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

## बोलपत्रद्वारा काठ लिलाम बिक्रिको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति २०८१/१२/२८**

डडेल्धुरा जिल्लामा रहेका तपसिल बमोजिमका सा.व.उ.स को वन क्षेत्रबाट उत्पादन भई तपसलिमा उल्लेखीत घाटगद्दीमा राखिएको तपसिल बमोजिमको गोलिया काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरीद गरी २२ औं दिनमा सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि सम्बन्धित सा.व.उ.स. को कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना सा.व.उ.स. को सूचना पाटीमा टाँस गरिएको छ ।

**तपसिल**

| सि. नं. | सामुदायिक वनको नाम/ठेगाना | लिलाम बिक्रि गरिने वन पैदावारको विवरण | | | |
|---|---|---|---|---|---|
| | | जात | गोलिया थान | परिमाण (क्यू.फिट) | घाटगद्दी स्थान |
| १ | बहुमुखी सा.व.उ.स. भागेश्वर-४ | सल्ला | २१५ | २४३२.६४ | बगरकोट |
| २ | कल्तडे सा.व.उ.स. भागेश्वर-४ | सल्ला | ५८ | ७०९.४२ | बगरकोट |

## कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको लक्ष्मी दर्शन बचत तथा ऋण सहकारी संस्था लिमिटेड नयाँ बानेश्वर- १०, काठमाण्डौंको ३५ दिने सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशन मिति : २०८१/१२/२८**

यस सहकारीबाट ऋणकर्जा लिएका तपशिलमा उल्लिखित ऋणीले ऋणकर्जा लिँदा सहकारीलाई गरिदिएका कर्जा लिखतहरु तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, व्याज आदि समेत सहकारीको लेना रकम नबुझाई ऋणकर्जा लिँदा गरेको शर्त कबुलियतको उल्लंघन गरेका र सहकारीबाट मौखिक एवम् लिखितरुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्नेतर्फ कुनै तदारुकता नदेखाएको हुनाले सम्पूर्ण बक्यौता कर्जा सुबिधा फिर्ता गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अतः यस सहकारीमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सहकारीलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, व्याज, हर्जाना व्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी सहकारीको कर्जा फरफारक फर्छ्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवम् सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । सो म्यादभित्र बक्यौता रहेको रकम चुक्ता भुक्तान नगरेमा तपशिल बमोजिमको धितो सुरक्षण लिलाम बिक्री गर्ने र सो धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा सहकारी सम्बन्धी प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी तपाईं तथा जमानीको अन्य जायजेथाबाट असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउँदछौं ।
साथै, उल्लिखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण बापत व्यक्तिगत/संस्थागत जमानत दिनुहुने पक्षहरुलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्यादभित्र सहकारीको कर्जा भुक्तानी गर्नु गराउनुहुन सूचित गरिन्छ ।

**तपशिलः**

| ऋणीको नाम, थर र ठेगानाः | जमानीकर्ताको विवरणः | धितो सुरक्षणको विवरणः |
|---|---|---|
| **नामः धिरेन्द्र कुमार झा**<br>**बुबाको नामः शम्भुनाथ झा**<br>**बाजेको नामः बिन्दनाथ झा**<br>**ठेगानाः महोत्तरी जिल्ला, साँढा गा.वि.स., वडा नं. ४ बस्ने** | **१.नामः मिनु कुमारी**<br>**बुबाको नामः सन्तोष कुमार झा**<br>**बाजेको नामः कुशेश्वर झा**<br>**ठेगानाः महोत्तरी जिल्ला, सांढा गा.वि.स. वडा नं. ४**<br>**२.नामः बिना कुमारी तिमल्सिना**<br>**बुबाको नामः भिम प्रसाद तिमल्सिना**<br>**बाजेको नामः लक्ष्मण तिमल्सिना**<br>**ठेगानाः काभ्रेपलान्चोक जिल्ला, बेथानचोक गा.वि.स. वडा नं. ३** | धिरेन्द्र कुमार झाको नाममा मालपात कार्यालय काभ्रेपलान्चोकमा दर्ता श्रेस्ता कायम रहेको काभ्रेपलान्चोक जिल्ला ढुंखर्क गाविस/न.पा. वडा नं. १. स्थित कित्ता नं.११४२ को १-११-०-० (रोपनी) र कित्ता नं. ५६६ को २-८-३-० (रोपनी) तथा वडा नं. २. स्थित कित्ता नं. ७२९ को १-१४-१-० (रोपनी) क्षेत्रफल रहेको जग्गा, सो जग्गामा बनेको घर र सो घर/जग्गाले चर्चेको लिग लगापात समेत । |


## यूएईमा रोजगार

कम्पनी: **HEMAYA SECURITY SERVICES-L.L.C-S.P.C** शहर: **UAE**
पूर्व स्वीकृत मिति: २०८१/०७/३० चलानी नं.: ६०२२८०८६ L.T. No.: 313714 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 144 | 33 | स. काममा दक्ष | 2000 | ७५,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८२ बैशाख ४ र ५ गते (17 & 18 April 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

**STARIS HR SERVICES PVT. LTD.** श्रम इजाजत नं. १३२४/०७४/०७५
Basundhara, Kathmandu, Tel.: 01-5910250, 4370973, 4370762
CONTACT NO.: 9851336470 | 9802320574 | 9802320575

## मलेसियामा रोजगार

कम्पनी: **SALURAN NADIAIRSDN BHD** शहर: **JALAN**
पूर्व स्वीकृत मिति: २०८१/१२/२७ चलानी नं.: ६०२३५९०८ LT. No.: 321831

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | STONE MASON | 10 | 0 | स. काममा दक्ष | 1700 | ५२,१३९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ बैशाख ४ गते (17 April 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

**SAMRAT HUMAN RESOURCES PVT. LTD.** License No: 1729/081/082
Dhumbarahi, Kathmandu- 4, Nepal, Ph No: 01- 4548013, 4548014, 9823073198, 9862340180, 9851044152, Mail: info.samrathr@gmail.com, Web: www.samrathr.com

## UAE मा रोजगार
**Eceg Technical Services Co. L.L.C**
पूर्व स्वीकृती मिति: २०८१/१२/२७ चलानी नं. ६०२३५९०१ LT No.: 321823

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Construction Carpenter Assistant | 2 | काममा दक्ष | 1000 | ३७,२००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| २. | Labourer/Cleaner | 4 | | 1000 | ३७,२००।- | | | | | | | |

**अन्तरवार्ता २०८२ बैशाख ४ गते (17 April, 2025) यस प्रा. लि. को कार्यालय स्वयम्भु, काठमाडौमा हुनेछ ।**

**Liverpool H.R. Solution Pvt. Ltd.** Govt Lic. No.: 1415/074/075
Swoyambhu-15, Kathmandu, Tel.: 01-5382303, 5382300, 9851013724
Email : info@liverpoolhrsolution.com, Web: www.liverpoolhrsolution.com

## FREE VISA ! FREE VISA !! FREE TICKET !! FREE TICKET !!
## UAE मा ASSISTANT NURSE लाई रोजगारको अवसर
Company: Right Care for Home Nursing LLC, UAE,Unique Business Centre, Al Shoala Building - Block
पूर्व स्वीकृती मिति: २०८१/१२/२६ LT. No.: . 321736 चलानी नं.:६०२३५७९२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रु | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | ASSISTANT NURSE | 00 | 10 | 1500 | ५६,१९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सेवा शुल्क |
|---|---|---|---|---|---|---|
| रोजगारदाताले (By the Employer) | रोजगारदाताले (By the Employer) | रोजगारदाताले (By the Employer) | रोजगारदाताले (By the Employer) | रोजगारदाताले (By the Employer) | निःशुल्क | निःशुल्क |

**नोट: Basis Salary AED 1500 + Other Allowance AED 1500=Total AED 3000 हुनेछ ।**

**प्रि-अन्तरवार्ता धमाधम भइरहेको छ ।**
**फाइनल अन्तरवार्ता कम्पनीको प्रतिनिधीबाट निम्न स्थान र मितिमा हुनेछ ।**
**Need Office मेनपावरको कार्यालयमा २०८२ बैशाख ७ र ८ गते (20 & 21 April, 2025) का दिन हुनेछ ।**

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग, बुद्धनगर नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला । कुल लागत खर्चः निःशुल्क

**Need Employment Services (P.) Ltd.** Ultimate Solution
Lic No.: 284/058/59
Tokha-7, Kathmandu Nepal
Helpline No.: +977-1-4984248, 4984251
यस अस्पतालबाट आ.व. २०८१/८२ मा बिभिन्न प्रकारका स्वास्थ्य उपकरण खरिदका लागि आह्वान गरिएका ठेक्काहरुका लागि दर्ता भएका तपसिल बमोजिमका फर्महरूले पेश गरेको कबोल अंक (मु.अ.कर बाहेक) न्यूनतम मूल्यांकित र सारभूतरूपमा प्रभावग्राही भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) अनुसार बोलपत्र स्वीकृत गर्ने आशयको सूचना जारी गरिएको व्यहोरा सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीको लागि अनुरोध छ ।

**तपसिल**

| ठेक्का नं. | उपकरणको विवरण | स्वीकृतिको लागि सिफारिस छनौट भएको फर्मको नाम | स्वीकृत कबोल रकम मु.अ.कर बाहेक | कैफियत |
|---|---|---|---|---|
| IFB NO SPH /NCB/Goods/ 14/2081/2082 | The procurement, supply, delivery and installation of portable DR Machine | बालाजी सर्जिकल सप्लायर्स धनगढी, कैलाली | ४३,७८,७६१।०६ | |
| IFB NOM SPH /NCB/Goods/ 15/2081/2082 | The procurement, supply, delivery and installation of Fully Automatic Autoimmunity Clia Machine | आयुष सर्जिकल धनगढी-२, कैलाली | ७३,६०,०००।०० | |

**प्रमुख मेडिकल सुपरिन्टेण्डेण्ट**

**कतारमा रोजगार** कम्पनी: NUCLEUS TRADING & CONTRACTING W.L.L. शहर: QATAR, DOHA
पूर्व स्वीकृत मितिः २०८०/१०/१९ चलानी नं.: ६०२१४२३८ LT. No.:299299 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४५,३३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Brick Mason | 2 | 0 | | 1200 | ४५,३३६ | | | | | | | |
| 3. | Plumber | 2 | 0 | | 1200 | ४५,३३६ | | | | | | | |
| 4. | Mason | 1 | 0 | | 1200 | ४५,३३६ | | | | | | | |
| 5. | Electrician | 1 | 0 | | 1200 | ४५,३३६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ बैशाख ४ गते (17 April 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

**Paragon H.R. Management Pvt. Ltd.** Govt.Lic.No. 1519/074/075
Dhumbarahi-4, Kathmandu, Mob.: 9813000522, Tel:-5901247
E-mail : paragonhrmanagement@gmail.com, Web.: www.paragonhrgroup.com

**मलेसियामा रोजगार** कम्पनी: DELTA ZEEFORCE SECURITY SERVICES SDN BHD शहर: KELANG
पूर्व स्वीकृत मितिः २०८१/१२/२५ चलानी नं.:६०२३५६९५ L.T. No.: 321585

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security | 150 | 0 | स. काममा दक्ष | 1700 | ५२,१३९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी: DELTA SECURITY FORCE SDN BHD शहर: KELANG
पूर्व स्वीकृत मितिः २०८१/१२/२५ चलानी नं.:६०२३५७४६ L.T. No.: 321367

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security | 42 | 0 | स. काममा दक्ष | 1700 | ५२,१३९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता बाजेको सेकुवा, नागढुगां, पोखरामा २०८२ बैशाख २ र ३ गते (15 & 16 April 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

**DITYA INTERNATIONAL PVT. LTD.** श्रम इ. पत्र नं.: ११७१/०७३/०७४
Sinamanga-9, Manpower Bazar, Kathmandu, Tel.: 01-5912818, 9856016490
Mobile No: 9801362589, E-mail : dityaintl3@gmail.com, Web.: www.dityainternational.com

**गण्डकी प्रदेश सरकार**
**भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय**
**पूर्वाधार विकास निर्देशनालय**
**पूर्वाधार विकास कार्यालय**
**लमजुङ**

## आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

**(प्रकाशित मितिः २०८१/१२/२८)**

उपरोक्त सम्बन्धमा यस कार्यालयद्धारा मिति २०८१/११/१५ मा आर्थिक दैनिकमा प्रकाशित निम्न बमोजिमको बोलपत्र आव्हान सम्बन्धी सूचना (Single Stage Two Envelope) अनुसार निर्धारित समय भित्र PPMO को E–Procurement Portal मा दर्ता हुन आएका बोलपत्रहरु मध्ये प्राविधिक प्रस्तावको मूल्याङकनमा निम्न अनुसारको बोलपत्रदाताहरुले प्राविधिक प्रस्तावको शर्तहरु पुरा गर्न सफल भएको हुँदा सफल बोलपत्रदाताहरुले पेश गरेको आर्थिक प्रस्ताव मिति २०८२/०१/०४ गते दिनको १३:०० बजे यस कार्यालयमा खोलिने भएकोले सार्वजानिक खरिद नियमावली २०६४ को नियम ३१ (ङ) को उपनियम ५ तथा ६ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागी सूचना प्रकाशन गरिएको छ ।

| ठेक्का नं. | योजनाको विवरण | प्राविधिक प्रस्तावना सफल बोलपत्रदाताहरु |
|---|---|---|
| IDO/LAMJUNG/NCB/W/ROAD/1/081-082 | Construction / Upgrading of Besisahar-Pumakhola-Makaidanda-Saring-Khudi Road, Besishahar 6,7 to Marsyangdi-09,Lamjung | ➢M/S Adhikari Construction Pvt. Ltd., Lamjung<br>➢M/S Shuvashree-Kasara JV. Tokha-6, Dhapasi |

**रामधुनी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**झुम्का, सुनसरी**
**कोशी प्रदेश, नेपाल**

## सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति २०८१/१२/२८ गते**

यस कार्यालयबाट मिति २०८१/१२/११ र २०८१/११/२३ गते E–Bidding मार्फत प्रकाशित सूचना बमोजिम पेश हुन आएका सिलबन्दी दरभाउपत्रहरुमध्ये मुल्यांकन समितिको सिफारिस बमोजिम देहायका दरभाउपत्रहरु स्वीकृतिको लागि छनौट गरिएकोले सार्बजनिक खरिद नियमावली २०६४ को नियम ८४ (१०) बमोजिम सम्बन्धितको जानकारीको लागि सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशन गरिएको छ ।

**तपसिल :**

| S.n. | Contract No. | Work Description | Bidder's Name & Address | Bid Amount (with VAT ) |
|---|---|---|---|---|
| 1 | RMY/ SQ/05/081/082 | Milan tol ko sahari swasthya ra save house janey bato interlock | B.R.T. Inframatic, Biratnagar-1, Morang. | Rs.12,96,263.12 |
| 2 | RMY/SQ/07 /081/082 | Seuti khola dekhi quarter chok sama kalopatre Ramdhuni 7 | Barahakshetra Nirman Sewa, Barahakshetra -1, Sunsari. | Rs.10,81,115.00 |

## नबिल बैंक लिमिटेड, चन्द्रपुर शाखा, रौतहटको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

**प्रकाशित मितिः २०८१/१२/२८**

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाकी रहेको सम्पूर्ण सावा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाकी रहन गएमा उक्त बाकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता ब्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

**तपसिल**

**१**

**ऋणीको नाम र ठेगानाको विवरण**

लाल बहादुर लोप्चनकी छोरी, भिम बहादुर तामाङकी बुहारी गणेश मोक्तानकी श्रीमति रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं १४ बस्ने, ना.प्र.नं. ३२२०८०/६३ (जारी मिति २०७३/०४/०६, स्थान रौतहट) भएकी **कल्पना लोप्चन मोक्तान ।**

**ब्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण**

१. सलाम सिंहको नाति भिम वहादुर तमाङ्गको छोरा रौतहट जिल्ला, डुमरीया म. गा.वि.स. वडा नं २ स्थायी घर भई हाल रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं ९ बस्ने, ना.प्र.नं. १३२४ (जारी मितिः २०५०/११/२, स्थान रौतहट) भएका **गणेश मोक्तान ।**
२. सलाम सिंहकी बुहारी भिम बहादुर तामाङकी श्रीमति रामेछाप जिल्ला, पकरवास गा.वि.स. वडा नं ७ स्थायी घर भई हाल रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं ९ बस्ने, ना.प्र.नं. ४०३ (जारी मिति २०४०/४/३१, स्थान रामेछाप) भएकी **मसिना तामाङ ।**
३. सुहान सिंह तामाङको नाति सलाम सिंहको छोरा रामेछाप जिल्ला, पोर्कवास गा.प. वडा नं ८ स्थायी घर भई हाल रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं ९ बस्ने, ना.प्र.नं. २२२९ (जारी मिति ०४१/१२/२१, स्थान रौतहट, गौर) भएका **भिम वहादुर तमाङ्ग ।**

**धितोमा रहेको घर/जग्गाको विवरण**

रामेछाप जिल्ला, पकरवास गा.वि.स. वडा नं ७ स्थायी घर भई हाल रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं ९ बस्ने, **मसिना तामाङ**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको रौतहट जिल्ला, डुमरीया म. गा.वि.स. वडा नं २, नक्सा सीट नं २ ग मा अवस्थित कि.नं. २४३ र २५७ क्षेत्रफल ०-१-१० र ०-१-१५ विघा घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

**२**

**ऋणीको नाम र ठेगानाको विवरण**

बद्री प्रसाद अर्यालकी नातिनी ध्रुव प्रसाद अर्यालकी छोरी रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं २ बस्ने, ना.प्र.नं. ३२- ०२-७४-०५०१७ (जारी मितिः २०७४/१०/०५, स्थान रौतहट) भएकी **सगुन अर्याल ।**

**ब्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण**

१. खडानन्द शर्माको नाति बद्री प्रसाद अर्यालको छोरा रौतहट जिल्ला, जुडीवेला गा.वि.स. वडा नं ९ स्थायी घर भई हाल रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं २ बस्ने, ना.प्र.नं. ३९९६ (जारी मितिः २०४५/१/२८, स्थान रौतहट) भएका **ध्रुव प्रसाद अर्याल ।**
२. वालानन्द निरौलाकी छोरी बद्री प्रसाद अर्यालकी बुहारी ध्रुव प्रसाद अर्यालकी श्रीमति रौतहट जिल्ला, जुडीवेला गा.वि.स. वडा नं ९ स्थायी घर भई हाल रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं २ बस्ने, ना.प्र.नं. ४८४ (जारी मितिः २०५८/०६/१२, स्थान रौतहट) भएकी **ओम कुमारी (निरौला) अर्याल ।**

**३**

**ऋणीको नाम र ठेगानाको विवरण**

खडानन्द शर्माको नाति बद्री प्रसाद अर्यालको छोरा रौतहट जिल्ला, जुडीवेला गा.वि.स. वडा नं ९ स्थायी घर भई हाल रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं २ बस्ने, ना.प्र.नं. ३९९६ (जारी मितिः २०४५/१/२८, स्थान रौतहट) भएका **ध्रुव प्रसाद अर्याल ।**

**ब्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण**

वालानन्द निरौलाकी छोरी बद्री प्रसाद अर्यालकी बुहारी ध्रुव प्रसाद अर्यालकी श्रीमति रौतहट जिल्ला, जुडीवेला गा.वि.स. वडा नं ९ स्थायी घर भई हाल रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं २ बस्ने, ना.प्र.नं. ४८४ (जारी मितिः २०५८/०६/१२, स्थान रौतहट) भएकी **ओम कुमारी (निरौला) अर्याल ।**

**सगुन अर्याल र ध्रुव प्रसाद अर्यालको संयुक्त धितोको विवरण**

**धितोमा रहेको घर/जग्गाको विवरण**
रौतहट जिल्ला, जुडीवेला गा.वि.स. वडा नं ९ स्थायी घर भई हाल रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं २ बस्ने, **ध्रुव प्रसाद अर्याल**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको भक्तपुर जिल्ला, मध्यपुर ठिमी न.पा. वडा नं १७, नक्सा सीट नं १०२११९०१६ मा अवस्थित कि.नं. १५१ क्षेत्रफल ११२.९० वर्ग मिटर घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

**NABIL BANK®**
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

**BAHRAIN मा रोजगार** कम्पनी : WESTON CLEANING शहर: BAHRAIN
पूर्व स्वीकृत मितिः २०८१/०३/३१ चलानी नं.: ६०२२२२५० L.T. No.: 307542 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 15 | 10 | स. काममा दक्ष | 100 | ३६,५३८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ बैशाख ४ गते (17 April 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

**सुगम ओभरसिज प्रा. लि.** इजाजत पत्र नं. ८३८/०६६/०६७
सामाखुसी (रिङ्गरोड), काठमाडौं, फोनः ४९८६१०६, ४९८७१८३, मोः ९८४१५९६५१३, ९८१३४९२७५५
Email: info.sugam@gmail.com | Web: www.sugamoverseas.cm

**साउदीमा रोजगार** कम्पनी: SHAMUKH AL BAHRAIN FACTORY FOR BLACKS & READY MIXED CONCRETE शहर: RIYADH
पूर्व स्वीकृत मितिः २०८१/१२/२६ चलानी नं.: ६०२३५८९२ L.T. No.:321693

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Drivers | 3 | 0 | स. काममा दक्ष | 1800 | ६६,०४२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ बैशाख ४ गते (17 April 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

**R.P. International Consultancy P. Ltd** श्रम इजाजत नं. ४९१/०६१/०६२
Bishalnagar Chowk, Kathmandu, Nepal -Tel: 977-1-4443699, Fax: 977-1-4435847
Email: rpiconsultancy2005@gamil.com, Web.: www.rpinternational.com.np

**मलेसियामा रोजगार** कम्पनी : NAM HENG SAFETY GLASS SDN BHD शहर : MALAYSIA
पूर्व स्वीकृत मितिः २०८१/१२/२५ चलानी नं.: ६०२३५८४१ LT. No.:321027

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker/Factory Worker | 10 | 0 | स. काममा दक्ष | 1700 | ५२,१३९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : SINSURAN SANG NYUK MEE शहर : MALAYSIA
पूर्व स्वीकृत मितिः २०८१/१२/२७ चलानी नं.: ६०२३५८५६ LT. No.:321702

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 3 | 0 | स. काममा दक्ष | 1700 | ५२,१३९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ बैशाख ४ गते (17 April 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

**Seven Seas Intercontinental Services Pvt. Ltd.** Lic No.888/067/068
दाई कम्प्लेक्स, गुहेश्वरी, काठमाडौं, Phone : 01- 5107440
Mobile: 9801122221 | 9801650006 | 9801650009 | 9801650001 | 9801122224
E-mail : info@smanpower.com / Web.: www.smanpower.com

# संघलाई प्रभावकारी बनाउन गठबन्धन गरेका हौं

प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालका संस्थापक अध्यक्ष **सरोजकुमार पोखरेल** नरेश गेलाल समूहका निर्वाचन परिचालन समितिका संयोजक हुन् । विगतमा नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनसँग सिधा प्रतिस्पर्धा गर्ने मञ्च यस पटक भने एसोसिएसनको निर्णयमा फरक दृष्टिकोण राख्ने पक्षसँग तालमेल गरेर चुनावी मैदानमा छ । प्रस्तुत छ, संयोजक पोखरेलसँग संघको निर्वाचनको सन्दर्भमा मध्यान्हले गरेको कुराकानीको सम्पादित अंश :

सिन्डिकेटलाई परास्त गर्न सकिएन भने धेरै व्यवसायीले पेसा व्यवसायबाट सधैंभरिका लागि हात धुनुपर्ने खतरा छ । यसमा हामी गम्भीर छौं

■ **सरोजकुमार पोखरेल**
**निर्वाचन परिचालन समिति संयोजक**
**नरेश गेलाल प्यानल**



**नेपाल वैदेशिक रोजगार व्यवसायी संघको निर्वाचनमा नरेश गेलाल नेतृत्वको संयुक्त व्यवसायी समूहको निर्वाचन परिचालनमा हुनुहुन्छ । तयारी कस्तो छ ?**

प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपाल, नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनको अर्को पक्ष र एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठनबीचको तालमेलमा बनेको नरेश गेलाल प्यानलले राजधानीका विभिन्न क्षेत्रमा क्षेत्रीय भेलाहरू सम्पन्न गरेको छ ।

अत्यन्तै प्रखर, अनुभवी र क्षमतावान् व्यवसायीहरू रहेको अत्यन्तै सन्तुलित प्यानल बनेका कारण आमव्यवसायीमा नयाँ उत्साह देखिएको छ । सिन्डिकेट रोक्न र संघलाई राजनीतिबाट बाहिर निकालेर व्यवसायीका हक-हितका कार्यमा प्रभावकारी बनाउन आफूले त्यागेर भए पनि तालमेल र सहकार्य गरिएको छ ।

प्रमुख ३ घटकको उम्मेदवार प्यानलमा तालमेल, तराईका सबै व्यवसायी र प्रजातान्त्रिक वैदेशिक रोजगार व्यवसायी संगठनको समर्थनले टिम अतिबलियो अवस्थामा रहेको छ । जित सुनिश्चित भइसकेको देखिन्छ ।

**संयुक्त प्यानलले संघ कसरी प्रभावकारी हुन्छ ?**

एउटा मात्र लोभलाग्दो र ऐतिहासिक उपलब्धि त भर्खरै हात परेको छ । संघको वर्तमान कार्यसमितिको अठोटका कारण केही असामाजिक सोच बोक्नेलाई छाड्ने हो भने, हामी सबैको योगदानबाट ठूलो भवन खरिद गर्न सफल भयौं । सर्भिस चार्ज र अन्य समस्या पनि हाम्रो एकताले समाधान दिने छ ।

भवन उद्घाटनका अवसरमा जे-जति प्रतिक्रिया पायौं, त्यसले वैदेशिक रोजगार क्षेत्र र सिंगो व्यवसायीको प्रतिष्ठालाई एकै पटक माथि उठाएको छ । वैदेशिक रोजगार क्षेत्रका प्रमुख शक्तिहरूको एकता र सहकार्यले इजाजत नवीकरणका लागि अनिवार्य गरिएको संख्या सय समस्या समाधान, मागपत्र प्रमाणीकरणमा सहजता, लागत परिभाषित गरेर सेवा शुल्क परिमार्जन, व्यवसायी भलाइ कोष कार्यान्वयन, वैदेशिक रोजगार ऐनमा संशोधन, युरोपेली देशमा नयाँ श्रम गन्तव्यहरूको खोजी जस्ता थाँती रहेका समस्या समाधान हुने छन् ।

हाम्रो एकताले सरकारका सबै निकाय र राजनीतिक दलहरूलाई सकारात्मक दबाब दिने छ । हामी विभाजित भयौं भने समस्या जहींको तहीं रहने मात्र नभएर थप नयाँनयाँ समस्या सिर्जना गरेर थोपर्ने काम हुन्छ । त्यस कारण हामीले व्यवसायीलाई बृहत् एकताको पक्षमा उभिन आह्वान गरिरहेका छौं ।

**तपाईंहरूको प्यानलका मुख्य एजेन्डा के-के छन् ?**

वैदेशिक रोजगार क्षेत्र त्रासपूर्ण अवस्थामा छ । हाल विशेषगरी संख्या सयको बाध्यता हटाएर सधैंका लागि समस्या समाधान गर्न संसद्मा विचाराधीन अवस्थामा रहेको वैदेशिक रोजगार ऐनको संशोधन विधेयक पारित गराउन भूमिका खेल्नुपर्ने बाध्यात्मक अवस्था एकातिर छ भने सिन्डिकेटको विषयमा त्रसित अवस्थामा रहेका व्यवसायीलाई सुरक्षा प्रदान गर्नुपर्ने छ ।

हिजो सिन्डिकेट लगाएर व्यक्तिगत लाभ प्राप्त गरेको तत्त्व संघमा कमजोर नेतृत्व स्थापित गरेर पर्दा पछाडिबाट लाभ लिने चेष्टामा देखिन्छ । सिन्डिकेटलाई परास्त गर्न सकिएन भने धेरै व्यवसायीले पेसा व्यवसायबाट सधैंभरिका लागि हात धुनुपर्ने खतरा छ । यसमा हामी गम्भीर छौं ।

**सिन्डिकेटको विषय विगतमा जस्तै यस पटक पनि चुनावी नारा बनेको छ । एक प्यानलले अर्कोतिर आक्षेप लगाउने गरेकाले अन्योल बढाएको व्यवसायीहरु बताउँछन् । तपाईं प्रस्ट चित्र देखाउन सक्नुहुन्छ ?**

यो त घामजत्तिकै छर्लंग छ, जो विगतमा सिन्डिकेटबाट लाभ लिएका र गैरव्यवसायी भइसकेकाहरू अगुवा भएर अर्ती उपदेश दिँदै हिँडेका छन् । यति प्रस्ट भएको विषय बुझ्दैन कसैले भने त्यस्तो व्यवसायी व्यवसायी नै हुन सक्दैन ।

**अन्त्यमा व्यवसायीहरुलाई तपाईंको भनाइ वा आह्वान के छ ?**

प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपाल, नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनको टिम र एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठनबीचको तालमेलमा बनेको नरेश गेलाल प्यानललाई मतदान गर्न मेरो आह्वान छ ।

विगतमा मञ्चमा रहेर महत्त्वपूर्ण जिम्मेवारी सम्हालेका साथीहरू केही कारणले असन्तुष्ट रहेका भए पनि नरेश गेलाल प्यानलका सबै उम्मेदवारहरूलाई मतदान गरेर जिताउन आह्वान गर्छु ।

लामो प्रयासपछि संघ एउटा लय र सकारात्मक गतिमा अगाडि बढेको छ । व्यवसायीको एकताले मात्र संघको नेतृत्व र व्यवसायीको सामाजिक प्रतिष्ठा बढ्ने भएकाले असन्तुष्टि थाँती राखेर मतदानमा सहभागी हुन आग्रह गर्छु ।

# ‘संघलाई व्यवस्थित र व्यवसायीलाई सुरक्षित बनाउने छु’

डाइनामिक स्टाफिङ सोलुसन प्रा. लि.का सञ्चालक कर्णराज कटुवाल नेपाल वैदेशिक रोजगार व्यवसायी संघको कार्यसमिति सदस्य र सचिवको जिम्मेवारी पूरा गर्दै हाल महासचिवको उम्मेदवार बनेका छन् । सचिवको जिम्मेवारीमा रहँदा वैदेशिक रोजगार विभागमा पर्ने कामदारको उजुरी फरफारक गरेर व्यवसायी र फर्केका कामदारको तनाव कम गर्न महत्वपूर्ण भूमिका निभाएका कारण उनी चर्चामा छन् । सरल तथा सबैसँग घुलमिल गर्ने स्वभावका कटुवाल महासचिव पदमा निर्वाचित भएपछि संघलाई कुशल प्रशासनिक नेतृत्व प्रदान गर्ने, विभागका समस्या समाधानका लागि विगतको पहललाई निरन्तरता दिने र वैदेशिक रोजगार ऐनमा रहेका व्यवसायी विरोधी प्रावधान हटाउन पहल गर्ने बताउँछन् । प्रस्तुत छ संघको चुनावी माहोलबारे महासचिवका उम्मेदवार व्यवसायी **कर्णराज कटुवाल**सँग मध्यान्हले गरेको कुराकानीको सम्पादित अंश :

वैदेशिक रोजगार विभागले परीक्षणका नाममा लागू गरेको वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेमिस)मा रहेका झन्झटको सुधार जस्ता अनगिन्ती समस्याभित्र वैदेशिक रोजगार जकडिएको छ ।

■ **कर्णराज कटुवाल**
**महासचिव उम्मेदवार**
**नरेश गेलाल प्यानल**



**नेपाल वैदेशिक रोजगार व्यवसायी संघको निर्वाचनमा नरेश गेलाल प्यानलमा महासचिवको उम्मेदवार हुनुहुन्छ । तपाईंका एजेन्डा के-के छन् ?**

नेपाली अर्थतन्त्रको मेरुदण्डका रूपमा रहेको वैदेशिक रोजगार क्षेत्रलाई नीतिगत तथा व्यावहारिक दुवै दृष्टिकोणले पारदर्शिताका आधारमा अगाडि बढाउनुपर्छ भन्ने मान्यतामा म महासचिवको उम्मेदवार बनेको छु ।

विश्व श्रम बजारमा सिर्जना भएका रोजगारीका अवसरहरू नेपाली बेरोजगार युवा-युवती समक्ष ल्याउन सरकारका कतिपय अस्पष्ट नीति निर्णयका कारणले बाधा पुऱ्याइरहेको छ । यसले व्यवसायीहरूमा आत्मविश्वास गुमाएको छ ।

म अघिल्लो कार्यसमितिको सचिव भएका नाताले कुन काम कहाँ कस्तो अवस्थामा छ, सबै जानकारीमा छ । निर्वाचित हुने नयाँलाई जस्तो मलाई काम गर्न समस्या छैन । व्यवसायी भलाइ कोष, सेवा शुल्क परिमार्जन, फेमिस समस्या समाधान, वैदेशिक रोजगार ऐन तथा नियमावली परिमार्जन जस्ता नीतिगत र व्यावहारिक विभिन्न समस्यामा जेलिएको वैदेशिक रोजगारलाई नीतिगत र व्यावहारिक रूपमा स्पष्ट बनाउने विषयमा मैले काम गर्ने छु ।

**वैदेशिक रोजगार क्षेत्रमा हाल रहेका मुख्य समस्या के-के हुन् ?**

वैदेशिक रोजगारका क्षेत्रमा सरकारले कतिपय अवस्थामा नियन्त्रण, कतिपय अपारदर्शी र अव्यावहारिक निर्णय लादेको छ । वैदेशिक रोजगार ऐन र नियमावलीमा नीतिगत परिवर्तन गर्दा स्टेक होल्डरसँग छलफल गर्नुपर्ने उल्लेख छ । तर, सिजनल भिसाका नाममा स्थानीय तहलाई ऐजेन्टका रूपमा बदनाम गर्ने प्रयास भइरहेको छ, त्यसलाई रोक्नुपर्छ ।

हाम्रो प्यानलले कामदारको लागतको परिभाषा नै स्पष्ट नगरी बिनाअध्ययन फ्रि भिसा, फ्रि टिकटको निर्णय लागू गरिएको तर व्यवसायीले पाउने सेवा शुल्क परिमार्जन नभएको विषयलाई गम्भीरताका साथ उठाएको छ ।

व्यवसायीहरूले वैदेशिक रोजगारका क्षेत्रसँग सम्बन्धित अभिमुखीकरण तालिम तथा अन्य व्यवसाय संचालन गर्न नपाउनेगरी अनुचित प्रतिबन्ध लगाइएको छ । ऐन संशोधन गर्दा यी विषय परिवर्तन हुनुपर्ने छ । इजाजतपत्र नवीकरण गर्दा वार्षिक सय जना कामदार अनिवार्य रूपमा विदेश पठाउनुपर्ने बाध्यता परिवर्तन गर्नुपर्छ ।

वैदेशिक रोजगारमा जाने श्रमिकहरूलाई रोजगार करारपत्रका आधारमा अन्तिम श्रम स्वीकृति दिइँदैन । उच्च दक्ष, अर्धदक्ष र अदक्ष गरी ४ क्याटेगोरीमा अन्तिम श्रम स्वीकृति दिनुपर्नेमा हजारौं पद सृजना गरेर व्यवसायीहरूलाई दुःख र हैरानी दिने अवस्था छ ।

कूटनीतिक नियोगहरूलाई परिपत्र गरेर समस्याको समाधान गर्नुपर्छ । नेपाली श्रमिकहरूका लागि आकर्षक मानिएका युरोपेली गन्तव्य मुलुकहरूको मागपत्र प्रमाणीकरमा कूटनीतिक नियोगहरूमा चरम उदासीनता छ ।

त्यस्तै, वैदेशिक रोजगार विभागले परीक्षणका नाममा लागू गरेको वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेमिस)मा रहेका झन्झटको सुधार जस्ता अनगिन्ती समस्याभित्र वैदेशिक रोजगार जकडिएको छ । यी समस्या समाधान नगरेसम्म वैदेशिक रोजगार अघि बढ्न सक्दैन । समस्या थाँती राखेर कामदारहरू पनि सुरक्षित हुँदैनन् । ऐन र नियमावली तथा सेवा शुल्क परिमार्जन नै मेरा मुख्य लक्ष्य हुन् ।

**वैदेशिक रोजगारमा हाल खडा भइरहेका समस्या समाधान हुन सकेनन् । ती समस्यालाई कसरी हेर्नुभएको छ त ?**

समग्र राज्य संयन्त्रको वैदेशिक रोजगार क्षेत्रलाई हेर्ने दृष्टिकोण स्पष्ट छैन । त्यसमा मन्त्रीलाई व्यक्तिगत रूपमा जिम्मेवार ठहऱ्याउनु भन्दा पनि राज्य संरचना र राज्य संयन्त्रमा कायम रहेको अपरिपक्व र पूर्वाग्रहका कारणले व्यवसायविरोधी नीति बन्छन् भनेर बुझ्नुपर्छ ।

**देखिएका समस्याको समाधान कसरी निकाल्नु हुन्छ ?**

म व्यवसायमा र संघमा विगतमा विभिन्न जिम्मेवारीमा रहँदा औंला उठाउने एउटा पनि कमजोरी गरेको छैन । तत्काल समाधान हुनुपर्ने साउदी एम्बुलेन्स स्टचाम्पिङ, मलेसियाको मेडिकल समस्या, फेमिस समस्या समाधान, भलाइ कोषको कार्यान्वयन, सेवा शुल्क तार्किक निष्कर्षमा पुऱ्याउने, वैदेशिक रोजगारीमा जाने कामदारको लागत परिभाषित गराउने, विगतमा फ्रि भिसा, फ्रि टिकट निर्णय लागू गर्दा श्रम मन्त्रालयले गरेको ३१ बुँदे सहमतिमा पुनरावलोकन गर्नेसहित संघको भवन निर्माण र व्यवसायीका दैनिक समस्या कुनै विलम्ब नगरी समाधान गर्न पहल गर्ने छु ।

**नेपाली कांग्रेसको शुभेच्छुक संस्था नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनमा आवद्ध व्यवसायी फरक-फरक प्यानलबाट प्रतिस्पर्धा गरिरहनुभएको छ, कस्तो लागिरहेको छ ?**

व्यवसायीका समस्या पहिचान र समाधानका लागि हामी अनुभवी र जानकार छौं । एसोसिएसनमा लामो समय क्रियाशील केही व्यवसायी लहलहैमा अन्यत्र उम्मेदवार बन्नुभयो । सुरुमा केही अलमल भएर यताउता लागे पनि निर्वाचनमा प्रजातान्त्रिक प्रणालीमा विश्वास गर्ने व्यवसायीले योग्य र इमान्दार उम्मेदवारका पक्षमा मतदान गर्नुहुने छ । म व्यवसायीका समस्याको समाधानका लागि इमान्दार प्रयासका लागि उम्मेदवार बनेकाले जुनसुकै आस्था र विचार बोक्ने तथा तटस्थ सबै विचारमा रहेका व्यवसायीज्यूहरूलाई मेरो विगत र व्यावसायिक निष्ठा हेरेर मतदान गर्न आग्रह गर्दछु ।

# ‘सबै व्यवसायीको पेसा सुरक्षित गर्ने मेरो प्रतिबद्धता’

लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसन र नेकपा (माओवादी केन्द्र) निकट वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्च प्यानलका अध्यक्ष पदका उम्मेदवार **भुवनसिंह गुरुङ** नेपाली कांग्रेस समर्थित तमुधीका सभापतिसमेत हुन् । गुरुङ म्यानेजमेन्ट प्रा. लि.का संचालक गुरुङ नेपाल वैदेशिक रोजगार व्यवसायी संघका पूर्व द्वितीय उपाध्यक्षसमेत हुन् । कतिपयले उनी सोझो र बढ्ता इमान्दार रहेको टिप्पणी गर्छन् । तर, गुरुङ आफैं भने वैदेशिक रोजगार क्षेत्रमा रहेका समस्या समाधानका बारे आफू लाटो नरहेको र ऐन कानुन पल्टाउन आवश्यक नरहेको बताउँछन् । प्रस्तुत छ, नेपाल वैदेशिक रोजगार व्यवसायी संघको निर्वाचनका सन्दर्भमा गरिएको कुराकानीको सम्पादित अंश :

एसोसिएसनमा लामो समयदेखि बोलाउँदा अन्यत्र विलय हुन जानेले व्यवसायीका समस्या समाधान गर्ने छैनन् । उनीहरुलाई ब्यालेटमा शून्य बनाएर हैसियत देखाउने बेला आएको छ

■ **भुवनसिंह गुरुङ**
**अध्यक्षका उम्मेदवार**



**नेपाल वैदेशिक रोजगार व्यवसायी संघको निर्वाचनमा अध्यक्षको उम्मेदवार हुनुहुन्छ । तपाईंका एजेन्डा के-के छन् ?**

वैदेशिक रोजगार क्षेत्र नेपाली अर्थतन्त्रको मेरुदण्डका रूपमा रहेको छ । यसमा आाबद्ध करिब ९०० वैदेशिक रोजगार व्यवसायीको व्यवसाय गर्ने अधिकारलाई सुरक्षित गर्ने र यस क्षेत्रमा रहेका नीतिगत तथा व्यवहारिक दुवै समस्या हटाउने मेरा मुख्य प्रतिबद्धता हुन् ।

एकातिर अव्यावहारिक प्रमाणित भइसकेको फ्रि भिसा, फ्रि टिकट नीतिअन्तर्गत १० हजार रुपैयाँ सेवा शुल्क तोक्ने, अर्कातिर सामान्य कमीकमजोरी र त्रुटिमा जनही १ लाख रुपैयाँसम्म जरिमाना गर्ने जुन प्रवृत्ति देखिएको छ, त्यसको अन्त्यलगायतका सुधारका अन्य काम गरेर व्यवसायमा दोस्रो र युवा पुस्तालाई हस्तान्तरण गर्ने लक्ष्य छ ।

**यसअघि कार्यसमितिको प्रयत्नका बाबजुद सबै समस्या समाधान हुन सकिरहेका छैनन्, तपाईं कसरी समस्याको समाधान गर्न सक्नुहुन्छ ?**

सबैभन्दा पहिला समस्याको समाधान गरेरै छाड्छु भन्ने मनमा अठोट हुनुपर्छ । त्यसपछि सबै वातावरण बन्दै जान्छ । दलीय व्यवस्थामा राजनीतिक दलहरू एक प्रकारले सरकारका अंगका रूपमा रहेका छन् । हामी व्यवसायी विभिन्न पार्टीका नीति, कार्यक्रममा जोडिएका छौं । सबैले सबैतिरबाट पहल गरेर र विभागीय मन्त्रीसँग समन्वय गरेर समस्याको हल गर्न सकिन्छ । मेरो नेतृत्वको टिमले त्यो काम गर्ने छ ।

१५ वर्षदेखि विभिन्न प्रकारले यसै क्षेत्रमा सक्रिय रहेकाले वैदेशिक रोजगार ऐन र नियमावली कठस्थ छ, कहाँ समस्या छ ? भन्ने थाहा छ र समाधानको उपायबारे जानकारी छ । हिजो संघमा आवधिक निर्वाचन गराउन नसक्नेले आज समस्याको समाधान गर्छु भनेर चर्को कुरा गर्न सुहाउँदैन । कतिपयलाई त निवर्तमान भन्न पनि लाज लाग्नुपर्ने हो ।

**संघको यस पटकको निर्वाचनको सन्दर्भमा अन्य विषयभन्दा सिन्डिकेटको विषय बढी चर्चामा छ । कतिपयले तपाईंप्रति सिन्डिकेट लगाउनेलाई ठाउँ दिएको भनेर पनि निशाना बनाइरहेका छन् । तपाईंको भनाइ के छ ?**

म वैदेशिक रोजगारमा २ दशक बिताएको स्वच्छ छवि कायम राखेको र विगतमा सिन्डिकेटको विरोधमा उभिएको व्यवसायी हुँ । नेपालका करिब ९०० व्यवसायीभित्र मात्र होइन, भुवन गुरुङ सिन्डिकेटविरोधी हो भनेर मेरो नाम मलेसियामा पनि चर्चामा छ । सुनलाई कसी लगाउन पर्दैन ।

अहिले निर्वाचनमा पराजित हुने निश्चित भएपछि विरोधी प्यानलले कपोलकल्पित र निराधार आरोप लगाएको मात्र हो । विपक्षीहरू सेक्युरिटीमा सिन्डिकेट लगाउने भनेर ४ पटकसम्म मलेसिया पुगेर छलफल गरे । तर, हाम्रो दबाबले उनीहरू अगाडि बढ्न सकेनन् । त्यसैका लागि संघको निर्वाचन अनिश्चितकालसम्म सार्ने काम गरियो ।

हामीले गृहमन्त्री र सीडीओलाई दबाब दिएर बल्ल निर्वाचन हुन लागेको छ । विरोधी सिन्डिकेट लगाउने लोभीपापीको समूह हो ।

**तपाईंमाथि व्यवसायीका एजेन्डा छाडेर जातीय र क्षेत्रीय सहानुभूति मात्र लिन खोजेको टिप्पणी पनि छ नि ?**

वैदेशिक रोजगारका क्षेत्रमा सरकारले नियन्त्रणमुखी सोचका साथ फ्रि भिसा, फ्रि टिकटको अत्यन्तै अव्यावहारिक निर्णय लागू गऱ्यो । तर, व्यवसायीले पाउने सेवा शुल्क परिमार्जन भएन । त्यसपछि अनावश्यक रूपमा बढाइएको इजाजतपत्रको धरौटी तथा बैंक ग्यारेन्टीको विरोधमा म निरन्तर उभिएको छु ।

संख्या सय समाधान, सेवा शुल्क परिमार्जन र सिन्डिकेड अन्त्य गरेर व्यवसायीलाई सुरक्षित गर्नु हाम्रो साझा प्रतिबद्धता हो । त्यसबाट सन्तुष्ट भएर सबै जातजाति, क्षेत्र र भेगका व्यवसायी मेरो पक्षमा उभिनुभएको छ ।

हाम्रो प्यानलले सबै पक्षलाई समेटेर उम्मेदवारी दिएको छ । विगतमा संख्या सयको समस्या समाधान गर्न हामी प्रत्यक्ष/अप्रत्यक्ष सहभागी थियौं । यो सबै विश्लेषण गरेर व्यवसायी एक ठाउँमा आउनुभएको हो । एजेन्डामा पराजित भएकाले चरित्रमाथि आरोप लगाउनु हारको मानसिकता हो ।

**नेपाली कांग्रेसको शुभेच्छुक संस्था नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनमा आबद्ध व्यवसायी फरक-फरक प्यानलबाट प्रतिस्पर्धा गरिरहनुभएको छ, कस्तो लागिरहेको छ ?**

एसोसिएसनको आधिकारिक प्यानलको नेतृत्व हामीले गरेका छौं । एसोसिएसनको कार्यसमितिको दुई तिहाइ मतले निर्णय गरेको हो । त्यसविपरीत जानेलाई विधानले ठेगान लगाउँछ ।

**विधानले कारबाहीको व्यवस्था गरेको होला । त्योभन्दा अघि त निर्वाचनमा मत प्रभावित होला नि ?**

अराजक गतिविधि गर्ने अन्यत्र विलय भएपछि मेरो जित सुनिश्चित भएको छ । भुवनसिंहले जित्ने पक्कापक्की भएपछि कुनै जानकारी नै नदिएर चुनाव सार्नेहरूबाट मतदाताले जबाफ मागेका छन् । जबाफ दिनुपर्दैन ?

**अन्त्यमा मतदाता व्यवसायीमा के आह्वान छ ?**

व्यवसायीका समस्या पहिचान र समाधानका लागि हामी अनुभवी र जानकार छौं । गुलियो कुरा गरेर व्यक्तिगत स्वार्थ पूरा गर्न पल्केकाहरू को हुन् ? छुट्याएर मतदान गर्नुहोस् । एसोसिएसनमा लामो समयदेखि बोलाउँदा अन्यत्र विलय हुन जानेले व्यवसायीका समस्या समाधान गर्ने छैनन् । उनीहरूलाई ब्यालेटमा शून्य बनाएर हैसियत देखाउने बेला आएको छ ।

सुरुमा केही अलमल भएर यताउता लागे पनि यस पटकको निर्वाचनमा प्रजातान्त्रिक प्रणालीमा विश्वास गर्ने व्यवसायीले आधिकारिक उम्मेदवारका पक्षमा मतदान गर्नुहुने छ । म व्यवसायीका समस्या समाधान गर्न इमानदार प्रयासका लागि उम्मेदवार बनेकाले जुनसुकै आस्था र विचार बोक्ने तथा तटस्थ विचारमा रहेका व्यवसायीज्यूहरूलाई व्यावसायिक निष्ठा हेरेर मतदान गर्न आग्रह गर्छु ।

अन्य व्यवसाय जस्तै व्यवसायीको पहिचान सुधार गरेर दोस्रो पुस्ताको नेतृत्वमा व्यवसाय सुम्पनेबाहेक तपाईंको ‘सोल्टी’ भुवन गुरुङको कुनै स्वार्थ छैन । अनेकौं कुरा गरेर दिउँसै रात पार्नेको पछि नलाग्नुहोला ।

# नेपालको आर्थिक वृद्धि दर ४ दशमलव ४ प्रतिशत रहने अनुमान

काठमाडौं/मस - एसियाली विकास बैंक (एडिबी) ले सन् २०२५ मा एसिया क्षेत्रको आर्थिक वृद्धिदर चार दशमलव नौ र नेपालको आर्थिक वृद्धिदर चार दशमलव चार प्रतिशत रहने प्रक्षेपण सार्वजनिक गरेको छ । एडिबीले ‘एसियन डेभलपमेन्ट आउटलुक-२०२५’ प्रतिवेदन सार्वजनिक गर्दै एसियाली मुलुकहरूको आर्थिक वृद्धिदर र मुद्रास्फीतिबारे प्रक्षेपण गरेको हो ।




अमेरिकाले तय गरेको भन्सार नीति, भूराजनीतिक तनावलगायत कारण एसिया र प्रशान्त क्षेत्रमा व्यापारिक अनिश्चितताले आर्थिक वृद्धिदर तथा मुद्रास्फीतिमा प्रभाव पार्ने प्रतिवेदनमा उल्लेख छ । अमेरिकाले नयाँ भन्सार दर तोकेपछि यसले विश्वभर व्यापारिक अनिश्चितता कायम गरेको एडिबीले जनाएको छ । अमेरिकी भन्सार शुल्कको क्षेत्रीय प्रभाव विश्लेषण गर्दै एडिबीले एसिया र प्यासिफिक क्षेत्रमा सन् २०२५ मा आर्थिक वृद्धिदर चार दशमलव नौ प्रतिशत र सन् २०२६ मा चार दशमलव सात प्रतिशतमा खुम्चिने अनुमान गरेको छ ।

त्यस्तै, यस क्षेत्रको मुद्रास्फीति सन् २०२५ मा दुई दशमलव तीन र सन् २०२६ मा दुई दशमलव दुई प्रतिशतमा घट्ने प्रक्षेपण गरिएको छ । सन् २०२४ मा एसिया क्षेत्रको मुद्रास्फीति दुई दशमलव छ प्रतिशत थियो । नेपालको मुद्रास्फीति भने सन् २०२५ मा पाँच दशमलव दुई र सन् २०२६ मा पाँच प्रतिशत रहने अनुमान गरिएको छ । गत असोजमा आएको बाढीपहिरोका कारण आपूर्ति शृंखलामा असर पर्दा मुद्रास्फीतिमा त्यसको प्रभाव देखिएको एडिबीले जनाएको छ । सन् २०२६ मा नेपालको आर्थिक वृद्धिदर पाँच दशमलव एक प्रतिशत रहने अनुमान गरिएको छ ।

‘अप्रिलको सुरुआतमा घोषणा गरिएका अमेरिकी भन्सार शुल्कहरूको पूर्ण कार्यान्वयन र थप अमेरिकी व्यापार नीति परिवर्तनले आर्थिक वृद्धिदरमा गिरावट ल्याउन सक्ने अनुमान गरिएको छ । व्यापार क्षेत्रमा थप अनिश्चितता देखिन सक्छ’, प्रतिवेदनमा भनिएको छ । साथै विस्तारमुखी वित्तीय नीतिहरूले मुद्रास्फीति बढाउन सक्ने अनुमान गरिएको छ । मध्यपूर्व क्षेत्रमा देखिएको तनावका कारण आपूर्ति शृंखलामा अवरोध, खाद्य र ऊर्जा मूल्यमा वृद्धि, विश्वव्यापी आर्थिक अनिश्चितता युक्रेन-रुसको युद्धबाट सिर्जित समस्यालगायत कारणले जोखिम बढ्ने एडिबीले अनुमान गरेको छ ।


प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**